विशेष अदालत, काठमाडौँ

इजलास

सदस्य माननीय न्यायाधीश श्री यमुना भट्टराई

सदस्य माननीय न्यायाधीश डा. श्री खुशी प्रसाद थारु

फैसला

मुद्दा नं. ०७6-CR-0157

मुद्दा: बैंकको रकम अनियमित तवरले निकालि भ्रष्टाचार गरेको।

कसुर ठहर मितिः- 2080।08।05

निर्णय नं.- 42

सजाय निर्धारण मितिः-2080।8।14

निर्णय नं.-5

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृत कृष्णप्रसाद नेपाल र ऋषिराम अधिकारीको प्रतिवेदनले नेपाल सरकार १	**वादी**

विरुद्ध

धर्मानन्द गौतमको नाति भोजराज गौतमको छोरा सर्लाही जिल्ला साविक रानीगञ्ज गा.वि.स. वडा नं. 6 भई हाल लालबन्दी नगरपालिका वडा नं. 17 स्थायी वतन भई तत्कालीन कृषि विकास बैङ्क शाखा कार्यालय स्वयम्भूमा शाखा अधिकृत हाल कारागार कार्यालय डिल्लीबजारमा कैदमा रहेका (ना.प्र.नं. 78232656, महोत्तरी) बर्ष 49 का तेजबहादुर थापा भन्ने केदारप्रसाद गौतम, मोबाइल नं. ९८51111362................१ बखत बहादुर बानियाँको नाति तिलक बहादुर बानियाँको छोरा गोरखा जिल्ला साविक मिरकोट गा.वि.स. वडा नं. 3 हाल पालुङटार नगरपालिका वडा नं.10 बस्ने तत्कालीन कृषि विकास बैङ्क शाखा कार्यालय स्वयम्भूका शाखा प्रबन्धक (ना.प्र.नं. 1693, गोरखा) बर्ष 57 का भरत बहादुर बानियाँ, मोबाइल नं. ९८55024136...१ सुमन्ति प्रसाद पोखरेलको नातिनी माधव प्रसाद पोखरेलको छोरी भोजराज गौतमको बुहारी केदारप्रसाद गौतमको श्रीमती महोत्तरी जिल्ला साविक बर्दिबास नगरपालिका वडा नं. 7 स्थायी ठेगाना भई साविक रानीगञ्ज गा.वि.स. वडा नं. 6 हाल लालबन्दी नगरपालिका वडा नं. 17 सर्लाही बस्ने (ना.प्र.नं. 049233121, महोत्तरी) बर्ष 44 की	**प्रतिवादी**

सम्झना पोखरेल गौतम, मोबाइल नं. ९८13811586............................१

पर्वतमान श्रेष्ठको नातिनी प्रदिपमान श्रेष्ठको छोरी, केदारप्रसाद गौतमकी श्रीमती झापा जिल्ला साविक बैगुनधारा गा.वि.स. वडा नं. 3 हाल गौरादह नगरपालिका वडा नं. 9 भई काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. 32, कोटेश्वर बस्ने (ना.प्र.नं. 04/5541 झापा) बर्ष 33 की जेनी श्रेष्ठ गौतम, मोबाइल नं. ९८24065119...१

प्रतिवादी

बंशबहादुर भुजेलको नाति दिलबहादुर भुजेलको छोरा महोत्तरी जिल्ला साविक बर्दिवास नगरपालिका वडा नं. 2 हाल वर्दिवास नगरपालिका वडा नं. 1 बस्ने (ना.प्र.नं. 04933962,महोत्तरी) बर्ष 40 का सुमन भुजेल, मोबाइल नं. ९८54041276...१

लाल बहादुर लिम्बुको नाति दलबहादुर लिम्बुको छोरा तेह्रथुम जिल्ला साविक सुङनाम गा.वि.स. वडा नं. 1, चित्रेटार हाल छ थर गाउँपालिका वडा नं. 6 स्थायी ठेगाना भई सोही ठाउँ बस्ने (ना.प्र.नं. 2144/9969, तेह्रथुम) बर्ष 54 का वसन्त राई भन्ने सूर्य बहादुर लिम्बु, मोबाइल नं. ९८08723870......................................१

नन्दलाल गुप्ताको नाति सुभाष गुप्ताको छोरा काठमाडौं जिल्ला साविक काठमाडौ महानगरपालिका वडा नं. 32 डिल्लीबजार बस्ने (ना.प्र.नं. 5019/958, काठमाडौ) बर्ष 42 का सन्दीप गुप्ता, मोबाइल नं. ९८03141733................................१

यज्ञ बहादुर थापाको छोरा रामेछाप जिल्ला साविक डढुवा गा.वि.स. वडा नं. 1 हाल दोरम्बा गाउँपालिका वडा नं 1 स्थायी ठेगाना भएका (ना.प्र.नं. 67875-211040, रामेछाप) जारी मिति 2061/06/21, रामेछाप बर्ष 33 का फरार अभियुक्त राजिव थापा भन्ने कृष्णहरि थापा १

विशेष अदालत ऐन, २०५९ को दफा ६ तथा मिति २०५९।५।६ को नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र रही दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार रहेको छः-

तथ्य खण्ड

1. **उजूरीको संक्षिप्त व्यहोराः**

प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्युरोको च.नं. ६६५ मिति 207२/0५/२३ को पत्रबाट नेपाल राष्ट्र बैङ्क, बैङ्क सुपरीवेक्षण विभागको पत्र जाहेरीले वादी नेपाल सरकार प्रतिवादी

केदारप्रसाद गौतम समेतले 2071 असोजदेखि 2072 असारसम्मको अवधिमा गैर कानूनी तबरबाट रु.३३,९३,००,०००।- रकम निकाली बैङ्कलाई हानि नोक्सानी पुऱ्याएको भन्ने बैकिङ्ग कसूर सम्बन्धी मुद्दामा ब्युरोबाट अनुसन्धान भई सक्कल मिसिल र प्रतिवादीहरुलाई जिल्ला सरकारी वकिल कार्यालय बबरमहल काठमाडौंमा पेस हुँदा उक्त कार्यालयबाट उल्लिखित मुद्दामा अभियोग माग दावी सहित उच्च अदालत पाटन, वाणिज्य इजलास, ललितपुरमा पेस भएको अभियोगपत्रमा प्रतिवादीहरुलाई यस आयोगबाट समेत अनुसन्धान कारबाही हुनुपर्ने निर्णय भए अनुरुप आयोगमा उजूरी दर्ता भएको छ ।

2. **कृषि विकास बैङ्क लिमिटेडको च.नं. 63 मिति 2075/02/28 को पत्रको व्यहोराः**

मिति २०७१।०४।०१ देखि मिति २०७२।०३।१० सम्म बैकिङ्ग कार्यालय, स्वयम्भूबाट जम्मा रु.३३,९३,००,०००।- (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) विभिन्न व्यक्तिको व्यक्तिगत खातामा रकम जम्मा गरी अनियमित तरिकाबाट विभिन्न शाखामा केदारप्रसाद गौतमबाट खोली खोलाइएको खाताहरुमा रकम ट्रान्सफर गरी सो रकम अनियमित रुपले बैङ्कबाट बहिर्गमन गरी गराई अपचलन गरेको, अनियमित तरिकाबाट युजर आई. डि. र पासवर्ड प्रयोग गरी कारोबार भए गरेको, सो अनियमित कार्यमा प्रबन्धक भरत बहादुर बानियाँले कार्यालय प्रमुखको हैसियतले गर्नुपर्ने भूमिका पूरा नगरेको समेतबाट निजको कमी कमजोरी देखिएको, उक्त बैङ्कका प्रमुख कार्यकारी अधिकृतबाट शाखा प्रबन्धक भरत बहादुर बानियाँ, शाखा अधिकृत केदारप्रसाद गौतम र लेखापाल गीता पन्तलाई विभागीय कारबाही गर्ने निर्णय गरेको भन्ने समेतको छानविन प्रतिवेदन।

3. **नेपाल राष्ट्र वैंकको छानविन प्रतिवेदनः**

कृषि विकास बैङ्क लिमिटेड, शाखा कार्यालय स्वयम्भूको रेमिटेन्सको हिसाब गर्दा 207१ असोजदेखि 207२ असारसम्म रु.33,93,00,000।- अनधिकृत रुपमा बैङ्कको प्रकृयाभन्दा बाहिर गई विभिन्न व्यक्तिहरुको खातामा जम्मा गरेको र लेखापाल गीता पन्तको User ID र Password प्रयोग गरी कार्यालय समय अघि-पछि उक्त कारोबार हुने गरेको, कार्यालयबाट भएका कारोबारहरुको दैनिक रुपमा भिडान हुनुपर्नेमा नभएको, रेमिट जारी नहुने सो बैङ्कको जलेश्वर लगायतका शाखा कार्यालयहरुबाट पठाइएको जस्तो देखिने गरी उक्त कार्यालयहरुको कोडहरु प्रयोग गरेको देखिएको, शाखा प्रबन्धकले कार्यालयको सम्पूर्ण कारोबारलाई दैनिक रुपमा अध्ययन गरी प्रमाणित गर्नु पर्नेमा रेमिटान्स हिसाब अस्वभाविक रुपमा बृद्धि हुँदा पनि सोतर्फ पर्याप्त ध्यान दिएको नपाइएको भन्ने समेत व्यहोराको नेपाल राष्ट्र बैङ्क बैङ्क सुपरीवेक्षण विभागको प्रतिवेदन।

4. **<u>सम्बन्धित व्यक्तिहरुको बयान कागजको संक्षिप्त व्यहोराः</u>**

क. <u>प्रहरी निरीक्षक सुवास हमाल</u>

खाता खोल्न प्रयोग गरिएका डकुमेन्टहरु तथा रकम बाँडफाँडको विषयमा अनुसन्धान अधिकृतलाई बढी जानकारी हुने भएकोले सो विषयमा समेत अनुसन्धान गर्नुपर्दछ, रकम वेपत्ता पार्ने सवालमा केदारप्रसाद गौतम समेतले हुण्डीमार्फत पठाएको देखिन आएकोले हुण्डीवालालाई समेत मुद्दा चलाइएको थियो।निजले 2071 असोजदेखि 2072 असारसम्म रकम झिक्ने कार्य गरेको र सो कार्य

निजको कम्प्युटरको Log Description र CCTV Footageबाट कार्यालय समय पछाडि गरेको देखिन्छ।अतः निजलाई खातावालको विवरण थाहा हुनुपर्दछ।राजीव थापा र केदारप्रसाद गौतमलाई भारतीय प्रहरीले पक्राउ गरेकोमा पटक-पटक अनुरोध गर्दा समेत राजीव थापालाई भारतीय प्रहरीले नेपाल प्रहरीलाई दिन नमानेको व्यहोरा साँचो सत्य हो।निजहरुले झिकेको रकम नेपाल तथा अन्य देशमा समेत पठाएको हुनसक्छ।के-कसरी कहाँ लग्यो भन्ने विषयमा बरामदी मुचुल्कामा उल्लेख छ।निज 10-12 वर्षदेखि भारतमै बसी नागरिकता लिई भारतीय नागरिकसँग विवाह गरेको कारण नागरिकताको प्रतिलिपि समेत भारतीय प्रहरीलाई बुझाइएको हो। निजको सम्पूर्ण डकुमेन्ट भारतीय भइसकेकोले नेपाल झिकाउन तत्कालीन समयमा सम्भव नभएको हो। Interpol मार्फत खोजी गर्न सकिने र तत्कालीन समयमा नाम थर वतन फरक रहेको पाइएको हुनाले प्रतिवादी कायम नगरिएको हुन सक्छ। केदारप्रसाद गौतमको अधीनमा रही अन्य प्रतिवादीहरुले नक्कली विवरण मार्फत खाता खोली रकम निकाली फरार रहेकोमा एक जना प्रतिवादी वसन्त राईलाई बैंकिङ्ग कसूर तथा किर्ते मुद्दा चलेको थाहा छ, अन्यलाई समेत नक्कली नागरिकता सम्बन्धी मुद्दा परेको छ, निजहरुले नाम थर ठेगाना र डकुमेण्ट समेत नक्कली पेस गरेको देखिएको साथै बैंङ्कबाट रकम निकाली कसूर गरेको समेत देखिन्छ भन्ने समेत व्यहोराको बयान।

ख. <u>**जेनी श्रेष्ठ गौतमः**</u>

मलाई श्रीमान तेज बहादुर थापा भन्ने केदारप्रसाद गौतमले भारत घुम्न लैजाँदा 2/4 हजार दिने गरेको, 1,30,000।- एकै पटक लिएको हैन।मैले एक लाख बिस हजार जति चलाएको, मेरो के-कति कारणले यो मुद्दामा संलग्नता छ भनिएको हो, सो कुरा मलाई थाहा भएन। केदारप्रसाद गौतमसँग मेरो विवाह 2072 चैत्र 18 गते भएको हो।निजले के-कसरी बैकिङ्ग कसूर गरेको भन्ने कुरा मलाई थाहा थिएन, मैले बैंकिङ्ग कसूर गरेको पैसा चलाएको पनि छैन र बैंकिङ्ग कसूर गरेको रकम नलिएको, के-कहाँ राखेको, के-कति रहेको, बैंङ्क अफ इन्डियामा खाता खोले/नखोलेको, खातामा मेरो एक रुपैया पनि जम्मा नगरेको, केही पनि सम्पत्ति नजोडेको, बैंकिङ्ग कसूर नगरेको र अन्य बैंकिङ्ग कसूर गर्ने खातावालाहरु कसैलाई पनि चिन्दिन।तसर्थः मलाई सजाय हुनु हुदैन भन्ने समेत व्यहोराको बयान।

ग. <u>**रामकुमार कुम्हारः**</u>

बैंङ्कको कुनै पनि कर्मचारीसँग मेरो सम्बन्ध छैन।मैले कुनै रकम भ्रष्टाचार गरी लुकाउने छिपाउने कार्य गरेको छैन।हुण्डीका माध्यमबाट कुनै रकम भारत पठाएको छैन।SBI बैंङ्कमा खाता मात्र संचालन गरेको छु, यस कार्यमा मेरो कुनै संलग्नता नरहेकोले भ्रष्टाचारमा कारबाही गर्नुपर्ने कुनै आधार प्रमाण छैन भए सजाय भोग्न तयार छु भन्ने समेत व्यहोराको बयान।

घ. <u>**सम्झना पोखरेल गौतमः**</u>

मेरो श्रीमान केदारप्रसाद गौतमले कृषि विकास बैंङ्कको के-कति रकम कसरी हिनामिना गरे मलाई थाहा भएन, सो हिनामिनामा मेरो कहीँ पनि संलग्नता छैन।निजले के-कसरी कृषि विकास बैंङ्कको रकम निकाल्नु भयो र के-कसरी भ्रष्टाचार गर्नु भयो, सोमा क-कसको के-के भूमिका छ थाहा

छैन।निजसँग मेरो विवाह 2053/02/02 मा भएको हो।मैले बैंङ्कमा भ्रष्टाचार गरेको रकम लिएर खर्च गरेको छैन।मेरो श्रीमानले मलाई र मेरो नाममा कहीं-कतै घर जग्गा, सवारी साधन, सुन तथा गरगहना केही पनि जोडेको छैन।निजले नेपाल र भारतमा कुनै पनि बैंङ्कमा खाता खोलिदिएका छैनन् र भष्टाचार गरेको रकम जम्मा गरिदिएका पनि छैनन्।नक्कली सक्कली व्यक्तिको नाममा पनि रकम छैन, उहाँको चल-अचल सम्पत्ति कहाँ-कहाँ छ सो को विवरण समेत मलाई थाहा नभएकोले सजाय र कारबाही हुनु नपर्नेमा म विश्वस्त छु भन्ने समेत व्यहोराको बयान।

ङ. **<u>सुमन भुजेलः</u>**

केदारप्रसाद गौतमसँग चिनजान नभए पनि सम्झना पोखरेलको माइती बर्दिवास नै भएकोले पहिलेदेखि चिन्दछु।निज सम्झना पोखरेलको नाममा रहेको बर्दिवास नगरपालिका भित्र पर्ने 0-0-16 धुर जमिन मैले गत वर्ष खरिद गरेको हुँ र निजले प्रयोग गरेको युनिभर्सल डेभलपमेन्ट बैंङ्कको नाममा भएको बा.8.च. 3068 नं. को किया कार खरिद गरेको हुँ।कृषि विकास बैंङ्कबाट रेमिन्टान्सको माध्यमबाट भएको घोटाला तथा हानि नोक्सानीको बारेमा सिआइविबाट बोलावट भएपछि र पत्र-पत्रिकामा छापामा आएपछि मात्र जानकारी पाएको हुँ।यस कार्यमा मेरो कुनै भूमिका र संलग्नता छैन।मैले सम्झना पोखरेलको नाममा भएको किया कार एघार लाखमा किनी यातायातमा गई पास गरी लिएको छु।तर कार दिनलाई ढिलाई आना-कानि गरेको हुँदा मैले बारबार भनेपछि मलाई सम्झना पोखरेलले झापा जिल्ला साविक चारपाने गा.वि.स. वडा नं. 4 को जग्गा पास गरिदिएको हो।तर मैले कुनै चेक लिएको छैन र मैले सम्झना पोखरेलसँग भेटेर गाडी र जग्गा खरिद गरेको हो तर मैले खरिद गरेको गाडी तथा जग्गा निजले के-कसरी खरिद गरिएको हो भन्ने कुरा मलाई कुनै जानकारी छैन।जग्गा पन्ध्र लाखको राजश्व (थैली) खुलाई रजिष्ट्रेसन पास गरेको हो।मैले गाडी नगदमा कारोबार गरेको र एक पटक जग्गा किन्दा सम्झना पोखरेलको नाममा कृषि विकास बैंङ्कको चेकबाट रकम दिएको हुँ।मैले निजहरुले अनियमितता गरी निकालेको रकम लिनेदिने, मास्ने मनसाय र मिलोमतोमा किन-बेच गरेको छैन।यो गैर कानूनी कारोबारमा मेरो संलग्नता, सहयोग, लेनदेन छैन।मैले केदारप्रसाद गौतमले बैंङ्किङ्ग कसूर गरी प्राप्त गरेको रकम लुकाई छिपाई गर्न कसैलाई सहयोग गरेको छैन। साथै अन्य कुनै व्यक्तिका नाममा चल अचल सम्पत्ति खरिद गर्न कसैलाई सहयोग नगरेको हुँदा मैले सजाय पाउनु नपर्ने यिनै आधार हुन् भन्ने समेत व्यहोराको बयान।

च. **<u>नेपाल राष्ट्र बैंङ्कका तत्कालीन सहायक निर्देशक सागर मायालु जोशीः</u>**

कृषि विकास बैंङ्क स्वयम्भू शाखामा घटना घटे लगत्तै बैंङ्क तथा वित्तीय संस्थाले पालना गर्नुपर्ने IT Guidelines को दायरामा रही नेपाल राष्ट्र बैङ्कले सुपरीवेक्षण गरी पेश गरिएको सूचना प्रविधि सम्बन्धी प्रतिवेदन समेतमा प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान व्युरोको टोलीले छानविन गरेकोले सो घटनामा कुन कति जना कर्मचारी तथा ग्राहकहरुको संलग्नता रहेको, आधिकारिक निकायबाट पनि जानकारी नगराइएको, अनुसन्धानको क्षेत्र राष्ट्र बैंङ्कको IT सम्बन्धी सुपरीवेक्षकको दायराभित्र नपरेकोले मलाई जानकारी नभएको र सो सवाल नेपाल राष्ट्र बैंङ्कले जारी गरेको IT

Guideline को दृष्टिकोणबाट नितान्त Non-Technicalर Non-IT रहेकोले सो सम्बन्धी विभागलाई जानकारी हुन सक्ने देखिन्छ।यस सम्बन्धमा सम्बन्धित विभागमा नै बुझ्न उपयुक्त हुने जस्तो लाग्छ भन्ने समेत व्यहोराको बयान।

छ. **<u>नेपाल राष्ट्र बैंङ्कका तत्कालीन निर्देशक मुकुन्दकुमार क्षेत्रीः</u>**

कृषि विकास बैंङ्कको माथि उल्लिखित घटनाको सम्बन्धमा कुनै जानकारी भएन तथापि सो बैंङ्कमा भएका क्रियाकलापहरुलाई अनुगमन गर्ने र गलत हुनबाट बचाउन नेपाल राष्ट्र बैंङ्कका कुनै पनि कर्मचारीलाई जिम्मेवार ठहराउन नमिल्ने, समग्र बैंकिङ्ग प्रणाली नै तहस-नहस भएको भन्ने कुरा अतिरञ्जनापूर्ण रहेको, यस्तो अवस्थामा नेपाल राष्ट्र बैंङ्कलाई थाहा नहुने भन्ने नै हुँदैन, एक भन्दा बढी कर्मचारीहरुको मिलोमतो एकदमै सचेत भएर षडयन्त्रमूलक ढङ्गले गरिएमा फण्ड सजिलै पत्ता लगाउन सकिने खालका हुदैन र यस्तो कुरा थाहा नभएको आधारमै नेपाल राष्ट्र बैंङ्कका कर्मचारीहरु जिम्मेवार बनाउनु पर्छ भन्ने कुरा समग्रमा गलत रहेको छ भन्ने समेत व्यहोराको बयान।

ज. **<u>नेपाल राष्ट्र बैंङ्कका तत्कालीन सहायक निर्देशक स्वरुप श्रेष्ठ:</u>**

गीता पन्तले हल्ला-खल्ला गरेपछि कृषि विकास बैंङ्क स्वयम्भूका शाखा प्रबन्धकले थाहा पाएको, निजले बैंङ्कको केन्द्रीय कार्यालयलाई पत्राचार गरी छानविन गर्न अनुरोध गरेको र प्रमुख कार्यकारी अधिकृतले नेपाल राष्ट्र बैंङ्कलाई खबर गरे पश्चात मात्र सो बैंङ्कको निरीक्षणमा संलग्न म लगायत 5 जनालाई स्वयम्भू खातामा निरीक्षण गर्न गएकोमा गीता पन्तको Password चोरी भएको हो-होइन भन्ने विषय अनुसन्धानको क्रममा रहेको कारण यकिनको साथ भन्ने आधार नदेखिएको सन्दर्भमा यस मुद्दामा बैंङ्कको Internal Control System कमजोर रहेको देखिएको।त्यसकारण बैंङ्कले खबर गरे पश्चात मात्र राष्ट्र बैंङ्कलाई जानकारी प्राप्त भएबाट स्वयम्भू शाखामा कृषि विकास बैङ्कबाट हुने Internal Audit बाट समेत सो विषय स्पष्ट नलागेकोले मुख्यतः बैंङ्कको Reconciliation System कमजोर रहेको देखिएको जसको सुधारको लागि नेपाल राष्ट्र बैंङ्कले उक्त बैंङ्कलाई निर्देशिन दिई सकेको भन्ने समेत व्यहोराको बयान।

झ. **<u>नेपाल राष्ट्र बैंङ्कका तत्कालीन सहायक निर्देशक गिरिजाप्रसाद कोइरालाः</u>**

स्वयम्भू घटना सम्बन्धमा 2072/3/11 मा टोलीका सुपरभाइजर मार्फत जानकारी प्राप्त भएपछि कृषि विकास बैंङ्कले बैंङ्क सुपरीवेक्षण विभागलाई जानकारी गराएको भए तापनि टोलीलाई उक्त जानकारी नगराएको।स्थलगत निरीक्षण टोली मिति 2072/3/9 मा बैठक बसी बैंङ्कको Policy समेतका विषयमा Review गर्ने क्रममा रहेको थियो।नेपाल राष्ट्र बैंङ्क सुपरीवेक्षण विभागले बार्षिक रुपमा बैंङ्कहरुको निरीक्षण गर्ने गरेकोले कानून बमोजिमको कर्तव्य समयमै निर्वाह नगरेको कारणले उक्त दुई घटनाहरु घटेको भन्ने कुरामा म पूर्ण रुपले असहमत छु।कृषि विकास बैंङ्कको अनुरोधमा नेपाल राष्ट्र बैंङ्कले जाहेरी दिएको हो जस्तो लाग्छ, अनुगमन पश्चात होइन।बैंङ्क सुपरीवेक्षण विभागमै बुझ्न उपयुक्त होला भन्ने समेत व्यहोराको बयान।

ञ. **<u>नेपाल राष्ट्र बैंङ्कका तत्कालीन सहायक निर्देशक विष्णुकुमार विश्वकर्माः</u>**

नेपाल राष्ट्र बैंङ्कले सम्पूर्ण वाणिज्य बैंङ्कहरुको Corporate Level Onsite Inspection बार्षिक रुपमा गर्ने व्यवस्था बैंङ्क सुपरीवेक्षण विनियमावलीमा उल्लेख भएको देखिन्छ।बैंङ्कको सञ्चालन गत जोखिमहरु न्यूनीकरण गर्ने जिम्मेवारी सम्बन्धित बैंङ्कहरूको नै हो।दावी परेको जमानत सम्बन्धमा बैंङ्कलाई सम्बन्धित पार्टीले जानकारी गराउँदा समेत भुक्तान नभएमा नेपाल राष्ट्र बैंङ्कलाई जानकारी गराउनु पर्ने र जानकारी प्राप्त भएमा नेपाल राष्ट्र बैंङ्कले बैंङ्कको खाता डेबिट गरी भुक्तानी गर्दै जाने व्यवस्था रहेको।उक्त व्यवस्थाको अनुगमन बैंङ्ककै आन्तरिक लेखा परीक्षण विभाग र नेपाल राष्ट्र बैंङ्क Off site बाट हुने गरेको।नेपाल राष्ट्र बैंङ्कले बैंङ्कहरु नियमित वार्षिक रुपमा सुपरीवेक्षण गर्दै आएको सन्दर्भमा कृषि विकास बैंङ्कलाई पनि सुपरीवेक्षण गर्दै आएको हुँदा नेपाल राष्ट्र बैंङ्कले कर्तव्य पालना नगरेको भन्न नमिल्ने र उक्त घटनाका विषयमा कृषि विकास बैंङ्कको अनुसन्धान प्रतिवेदन र विभागबाटै जानकारी हुन अनुरोध गर्दछु भन्ने समेत व्यहोराको बयान।

ट. **<u>कृषि विकास बैंङ्क सूचना प्रविधि विकासका तत्कालीन का.मु. प्रमुख डिल्लीप्रसाद चौधरीः</u>**

IT विभागले बैंकिङ्ग कारोबार गर्ने माध्यम मात्र उपलब्ध गराउने गरेको र त्यो कारोबार गर्न पनि प्रबन्धकले माग गरे अनुसारको कारोबारको Menu उपलब्ध गराउने गरेको, कर्मचारीले के-कस्ता कारोबार गरेको, त्यसको यकिन गर्ने, स्वीकार गर्ने अधिकार सम्बन्धित कार्यालयका उपल्लो तहको कर्मचारी वा प्रबन्धकलाई रहेको हुन्छ।सामान्य बैंङ्कको हरेक कर्मचारी, शाखा कार्यालय, क्षेत्रीय कार्यालय, मुख्य कार्यालयका बीच उच्च व्यवस्थापनका आ-आफ्नै कार्य जिम्मेवारी र कार्य विभाजन रहेको छ।कर्मचारीहरुले गर्ने गतिविधि कार्यालय तहमा नै अनुगमन र नियन्त्रण हुने, त्यसैगरी क्षेत्रीय र मुख्य कार्यलयका सम्बन्धित विभागहरु आ-आफ्ना कार्य क्षेत्र र कार्य विभाजन अनुसार कार्य गरिरहेका छन् भन्ने समेत व्यहोराको बयान।

ठ. **<u>कृषि विकास बैंङ्कका तत्कालीन कम्प्युटर इन्जिनियर सुरेश पोखरेलः</u>**

T24 System मा हरेक Financial transaction हरु पूर्ण हुनको लागि Input in तथा Authorizer अर्थात् Maker र Checker चाहिने व्यवस्था छ।कृषि विकास बैंङ्कमा हाल Legacy तथा T24 दुबै System चलिरहेका छन् र T24 मा अन्य शाखाहरु Migration को कार्य जारी छ।Non-CBSबाट पैसा आउँदा छुट्टै तरिकाबाट आउँछ र T24 मा प्रविष्ट भएका Transaction को मात्र गर्नु पर्ने हुन्छ भन्ने समेत व्यहोराको बयान।

ड. **<u>कृषि विकास बैंङ्कका तत्कालीन शाखा अधिकृत पंकज कुमार गौतमः</u>** यस सन्दर्भमा भएको अनियमितता बारेमा छानविन समितिले प्रतिवेदन पेस गरेको कुरा बैंङ्कमा आएपछि मात्र थाहा भएको हो।IT विभागले यस प्रकारको अनियमितता चेक जाँच गर्ने गरेको थाहा छैन।यस प्रकारको कारोबारको दैनिक रुपमा चेक जाँच गर्ने जिम्मेवारी IT Division को नभई Reconciliation विभागको हुनु पर्ने हो।दैनिक रुफमा कुन शाखाले कुन शाखालाई कति हिसाब-किताब दिने हो भन्ने कुरा IT System मा प्रविष्ट भए पनि सो को Settlement IT विभागले गर्दैन।यसको लागि छुट्टै विभाग रहेको छ।IT विभागको हैसियतले यस प्रकारको अनियमितताको जानकारी नै नहुने र

यस्ता क्रियाकलापले असर पार्ने निकायहरु समेत चनाखो भएको भए पत्ता लाग्न सक्थ्यो कि ? मेरो मिलेमतोमा यस प्रकारका काम भएका छैनन् भन्ने समेत व्यहोराको बयान।

ढ. **<u>सन्दीप गुप्ताः</u>** केदारप्रसाद गौतमले मेरो पसलबाट अन्दाजी 22 लाखको गरगहना खरिद गरेका हुन्। यो रकम व्यापार व्यवसायमा लगाएको छु।निजले ब्रासलेट बनाउनका लागि 1 लाख बिस हजार एडभान्स दिएका थिए।सबै रकम मैले अनुसन्धानको बखत सिआइबीमा बुझाएको छु, अन्य लेनदेन छैन।अनि त्यो हार उक्त दिन मेरो स्टापलाई पसल बाहिर बोलाएर बैंङ्कमा पैसा जम्मा गर्दिनु भनेको हुँ।निजसँग केही कारोबार गरेको छैन भन्ने समेत व्यहोराको बयान।

ण. **<u>कृषि विकास बैंङ्क शाखा कार्यालय स्वयम्भूका तत्कालीन शाखा प्रबन्धक भरतबहादुर बानियाँ:</u>** शाखा प्रबन्धकको रुपमा कार्यरत रहँदा कार्यालय समयमा System बाट पूरा गर्ने कर्मचारीहरुको प्रशासनिक कामको वाडफाँड, बैंङ्कको वार्षिक लक्ष्य अनुसार प्रगति गर्नको लागि लगानी असुली Fund Management गरी बार्षिक लक्ष्य पूरा गर्ने मेरो जिम्मेवारी थियो।रेमिट हेर्नको लागि लेखापाल गंगा भुषाललाई जिम्मेवारी दिएको थिएँ र Authorized गर्नको लागि केदारप्रसाद गौतमलाई म स्वयम्भू जानुभन्दा 2 वर्ष अगाडिदेखि नै Menu उपलब्ध गराइएको थियो।कार्यालयको समयमा भएका सम्पूर्ण कारोबारहरुको निरीक्षण सुपरीवेक्षण मैले गरेको हुँ।सम्पूर्ण कारोबारको रिपोर्टिङ्ग नियमित रुपमा भएको छ।System बाट भएको Remittance विधिसम्मत छ।यसमा निज केदारप्रसाद गौतमले बैंङ्कलाई गैर कानूनी रुपमा हानि नोक्सानी पुऱ्याएको हो।मेरो यसमा कुनै लाभ लिने उद्‌देश्य नै नभएको र खाता खोल्ने काम Help desk मा काम गर्ने कर्मचारीले गर्ने, शाखा अधिकृतले चेक गरी खाताहरु खोलिने भएको हुँदा खाता खोल्ने कागजात चेक गर्ने काम मेरो नभएको र नमुनाको रुपमा कुनै खातावालको कागजात चेक गर्दा ठिकै देखिएको थियो।यसमा मैले कहिल्यै भ्रष्टाचार जन्य कार्य नगरेको हुँदा मलाई कार्यवाही हुने कुरै भएन भन्ने समेत व्यहोराको बयान।

त. **<u>कृषि विकास बैंङ्क शाखा कार्यालय स्वयम्भूका तत्कालीन लेखापाल गीता पन्तः</u>** मेरो कार्य भनेको टेलर र जनसम्पर्क हो, लेखा प्रशासन र रेमिट्यान्स सम्बन्धी मेरो कार्य जिम्मेवारी नभएकोले मलाई सो सम्बन्धी थाहा हुदैन।मेरो पासवर्ड चोरी गरी सो कार्य केदारप्रसाद गौतमले गरेको हो।सो घटना मिति 2072/3/10 थाहा भएपछि मैले लिखित र मौखिक उजूरी दिएको हो।घटना मिति 2072/3/8 गते मेरो USER मा Pending रु.10,00,000।- देखिन्छ भनी शाखा अधिकृत शशी दाहालले मलाई तिमीले फण्ड ट्रान्स्फर CFT सम्बन्धी के काम गरेको थियो भनी सोध्नु भयो।सो कार्य मैले गरेको छैन भनी शाखा प्रबन्धकलाई लिखित र मौखिक जानकारी गराएपछि प्रबन्धक भरत बहादुर बानियाँ र प्रदिप मिश्र कहाँ गई कार्यकारी प्रमुखलाई जानकारी गराएपछि छानविन समिति गठन भई सो समितिको प्रतिवेदनमा गीता पन्तको पासवर्ड केदारप्रसाद गौतमले नै प्रयोग गरेको भनी उल्लेख छ।साथै अदालतको बकपत्रमा समेत गीता पन्त निर्दोष भनी बैंङ्कका कर्मचारीहरु समेतले बकपत्र गरेका छन्।अदालतमा केदारप्रसाद गौतमले गीता पन्तका पासवर्ड चोरी गरी सो कार्य गरेको भनिसकेका छन्।सो Input गर्ने कार्य केदारप्रसाद गौतमले

गरेका हुन्।समय समयमा मैले मेरो पासवर्ड परिवर्तन गर्ने गरेको थिएँ।मैले वेवास्ता गरेको समयमा केदारप्रसाद गौतमले चोरी गरेका रहेछन्, मैले सो कुरा थाहा पाइन।थाहा पाएपछि प्रबन्धकलाई लिखित रुपमा खबर गरेको थिएँ।मैले केदारप्रसाद गौतमलाई भगाउन होइन, पक्राउन सहयोग गरेको हो।मेरो निवेदनको आधारमा CIB मा कृषि विकास बैंङ्कको सबै कर्मचारीहरुले केदारप्रसाद गौतमलाई पक्राउनको लागि निवेदन दिएको हो, सो सम्बन्धमा मेरो संलग्नता कहिँ कतै छैन भन्ने समेत व्यहोराको बयान।

थ. **<u>कृषि विकास बैंङ्क शाखा कार्यालय स्वयम्भूका तत्कालीन शाखा अधिकृत केदारप्रसाद गौतमः</u>** उक्त शाखामा रेमिट्यान्स भिडान गर्ने जिम्मेवारी मेरो र मेरो नियन्त्रणका कर्मचारीहरुको थियो। त्यस अन्तर्गत नियमित भिडान गरी Report तयार गर्नु पर्ने हुन्छ तर बैंङ्कभित्र अन्तर बैंङ्क भिडान गर्न पुरानो र नयाँ Software भएको समस्या बैंङ्क स्वयंलाई अवगत थियो।राजीव थापा भन्ने कृष्णहरि थापाले खाता खोली खाता नम्बर दिएका थिए। उक्त खातावालाहरुको नाम छानविन प्रतिवेदनमा छ।निज राजीव थापा भन्ने कृष्णहरि थापासँग काम गर्नु भन्दा पहिला हाम्रो रकम बाँडफाँडको सल्लाह भएको थियो।उक्त सल्लाह बमोजिम 33% मलाई, 33% राजीव थापा स्वयंले राख्ने/लिने र बाँकी 33% खातावालाहरू लगायत अन्य खर्चमा प्रयोग गर्ने भन्ने थियो।साथै निजले नेपाल बस्दा कानूनी फन्दामा पर्ने हुँदा हामी दुबै जनाको भागको रकम भारत लगी उतै घरजम गर्ने भन्ने सल्लाह अनुरुप मलाई आवश्यक व्यवहार मिलाउने खर्च दिई सबै रकम निजले भारत लाने गर्थे तर काम गर्दा गर्दै घटना बाहिर आएको हुँदा खातावालाहरुलाई कति दिए, कति निजले खर्च गरे, उनैलाई थाहा छ। अनि मेरो भागमा पर्ने 33% रकम पनि लगेका थिए।उक्त सबै बाँकी रकम निज राजीव थापा भन्ने कृष्णहरि थापाकै जिम्मामा छ।हर-हिसाब गर्न नै पाइएन।मैले राजीव थापा भन्ने कृष्णहरि थापाको मिलोमतोमा उक्त रकम हिनामिना गरेको हुँ तर रकम यति नै हो भन्ने यकिन छैन।कुल Transfer भएको रकम 33 करोड 93 लाख भन्ने कुरा आएको देखियो तर उक्त रकम मध्ये 99 लाख पचास हजार रकम फिर्ता भएको कुरा अवगत गराउन चाहन्छु। मेरा जिम्मामा वा मसँग भएको रकम फिर्ता गरी बाँकी रकम खातावालाहरुलाई बाँडेर बाँकी रकम उनै राजीव थापा भन्ने कृष्णहरि थापाकै जिम्मामा रहेको छ।हिनामिना भएको रकम सबै भारत लगी उतै भागवण्डा गर्ने योजना थियो तर मलाई नेपालमा कर्जा तिर्न र आवश्यक खर्च गर्न पटक-पटक गरी जम्मा 1 करोड 75 लाख रुपैया निज राजीव थापाले दिएका थिए। उक्त रकम मध्ये प्रहरी अनुसन्धान व्युरोले 99 लाख 50 हजार बरामद गरिसकेको र बाँकी 75 लाख 50 हजार मैले व्यक्तिगत खर्च गरेको थिएँ।निज राजीव थापा भन्ने कृष्णहरि थापासँग 2068 सालमा घर जग्गाको कामको सिलसिलामा चिनजान भएको हो।निज त्यस पश्चात म सँगै हुन्थे र घनिष्ठता बढ्दै गएको हो।उल्लिखित व्यक्तिहरु नेपाली हुन् वा विदेशी हुन् मलाई थाहा छैन। राजीवलाई नै थाहा हुने कुरा हो।गीता पन्तको Input पासवर्ड मैले निज कार्य गर्दै-गर्दा नजिकै गई पछाडिबाट हेरेर नक्कल गरी लिएको थिएँ।Authorize पासवर्ड मेरो आफ्नै प्रयोग गरी मैले राजीवबाट प्राप्त खाताहरुमा Transfer गरी

दिएको हुँ।मैले गीता पन्तको Password आफ्नो दैनिक कामको सिलसिलामा व्यस्त हुँदा Computer on गर्दा पछाडिबाट हेरी थाहा पाएको हो।उक्त कुरा गीता पन्तलाई थाहा हुने कुरै भएन।किनकि मलाई रकम Transfer गर्न एउटा Input id जरुरी भएकोले त्यसो गर्न बाध्य भए।गीतालाई उक्त विषयमा जानकारी छैन, थिएन भन्ने समेत व्यहोराको बयान।

द. **<u>वसन्त राई भन्ने सूर्यबहादुर लिम्बुः</u>** म भारतको सिक्किममा काठ व्यापारीको रुपमा काम गर्दै आएको अवस्थामा मेरो चिनजानका सुमित बि.क. भन्ने व्यक्तिले तिमी काठमाडौं गार्ड काम गर त्यहाँ मेरो साथी राजीव थापा भन्ने कृष्णहरि थापा छन्।निजले काम गराउँछन् र रकम पनि राम्रै दिन्छन् भनेको हुँदा म काठमाडौं आई निज राजीव संगै भेटघाट र चिनजान भयो।निजले मलाई काठमाडौंको सुन्धारास्थित एउटा गेष्ट हाउसमा बस्ने खाने व्यवस्था मिलाइदिए।सोही क्रममा निजले मेरो फोटो खिची लगेका थिए।पछि निजले मलाई विभिन्न कागजातमा सहीछाप समेत गराएका थिए। पछि तपाईको वसन्त राई नामको खातामा जम्मा हुन्छ र झिक्नुपर्छ भनेकाले मैले हुन्छ भनिदिएको थिएँ। सोही क्रममा तेज बहादुर थापा भन्ने केदारप्रसाद गौतम पनि आउने जाने गर्दा निजसँग मेरो चिनजान भएको थियो।निजहरुले नै काम भएपछि मलाई तिस लाख रुपैया दिन्छु भनेका थिए।मेरो फोटो टाँसिएको वसन्त राईको नामबाट कृषि विकास बैंङ्क पुतलीसडक समेतबाट खाता खोली चेकबुक समेत निजै राजीव थापाले राखी चेकमा मेरो दस्तखत गराएको वसन्त राई नामको मेरो फोटो टाँसिएको नागरिकताको फोटोकपी दिई विभिन्न मितिमा मलाई रकम निकाल्न लगाउँथे।सो रकम मैले राजीव थापालाई नै दिने गरेको थिएँ। यसरी विभिन्न पटकमा के-कति रकम मेरो फोटो टाँसिएको वसन्त राईको नामको खाताबाट निकालियो, सो मलाई यकिन छैन।पछि अनुसन्धान हुँदा उक्त खाताबाट चार करोड जति निकालिएको भन्ने थाहा पाएको हुँ।सो काम गरे वापत निजहरुले मलाई तिस लाख दिन्छु भने तापनि मैले पटक-पटक गरी सात लाख जति मात्र लिएको छु।उक्त रकम मैले आफ्नो काममा खर्च गरी मासेको हुँ।निज राजीव थापा समेतले मेरो फोटो टाँसी वसन्त राईको नामबाट के कसरी नक्कली नागरिकता तयार पारे सो मलाई थाहा भएन।उक्त रकम हिनामिना गर्ने कार्यमा संलग्न व्यक्तिहरु मध्ये राजीव थापा भन्ने कृष्णहरि थापा र तेज बहादुर थापा भन्ने केदारप्रसाद गौतमलाई मात्र म चिन्दछु, अन्यलाई चिन्दिन, राजीव थापाको स्थायी वतन समेत मलाई थाहा छैन भन्ने समेत व्यहोराको बयान।

5. **उच्च अदालत पाटन, वाणिज्य इजलासबाट मिति 2074/07/28 मा भएको फैसलाः** तेज बहादुर थापा भन्ने केदारप्रसाद गौतमलाई बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ६ र दफा १४ बमोजिमको कसूरमा निजलाई सोही ऐनको दफा १५ को उपदफा (२) बमोजिम ५ (पाँच) बर्ष कैद सजाय र बिगो रू.3२,९४,८०,७०४।८७ (बत्तिस करोड चौरानब्बे लाख असी हजार सात सय चार पैसा सतासी) कृषि विकास बैङ्कलाई दिलाई भराई दिने, शाखा प्रबन्धक भरत बहादुर बानियाँलाई निजले गरेको कसूरको मात्रा अनुसार सोही ऐनको दफा १५ (४) बमोजिम रु.१,००,०००।- (एक लाख रुपैया) जरिवाना १ (एक) महिना कैद सजाय हुने, लेखापाल गीता पन्तको हकमा निजले बैङ्कलाई हानि

नोक्सानी र आफूलाई नाजायज लाभ लिने उद्देश्यका साथ खराब नियत राखेर काम कारबाही गरेको प्रमाणित नभएकोले विभागीय कार्बाहीसम्म गरी निजलाई कार्यालयमा यथावत रुपमा संलग्न गराइएको प्रमाण प्रस्तुत हुन आएकोले आरोपित कसूरको अभियोग दावीबाट सफाइ पाउने र राष्ट्रसेवक कर्मचारी बाहेक अन्य प्रतिवादीहरुमध्ये जेनी श्रेष्ठ गौतमलाई अभियोग दावीबाट सफाइ पाउने ठहरेको, सम्झना पोखरेल गौतमलाई 50 लाख रुपैयाँ जरिवाना र बाँकी कैद 10 महिना 9 दिन हुने ठहरेको, सुमन भुजेललाई सफाइ पाउने ठहरेको, वसन्त राई भन्ने सूर्यबहादुर लिम्बुलाई 2 बर्ष कैद र 30 लाख रुपैयाँ जरिवाना हुने ठहरेको, सन्दीप गुप्तालाई 15 दिन कैद सजाय र 25 हजार रुपैयाँ जरिवाना एवं रामकुमार कुम्हारलाई 15 दिन कैद सजाय र 25 हजार रुपैयाँ जरिवाना हुने ठहऱ्याएकोमा उक्त फैसला उपर प्रतिवादीहरुले सर्वोच्च अदालतमा पुनरावेदन गरी हाल सो मुद्दा विचाराधीन अवस्थामा रहेको।

6. नागरिकता, राहदानी र सरकारी छाप दस्तखत किर्ते मुद्दामा भएको अभियोजनः

प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान व्युरोको च.नं. 2863 मिति 2076/07/26 को पत्र संलग्न कागजातबाट प्राप्त काठमाडौं जिल्ला अदालत समक्ष मिति 2074/12/19 गते दायर गरेको अभियोग पत्रमा केदारप्रसाद गौतम, सूर्य बहादुर लिम्बु र कृष्णहरी थापालाई नागरिकता ऐन, 2063 को दफा 21 को उपदफा (3) बमोजिम सजाय हुन मागदावि भएको साथै वारदातमा संलग्न रही फरार रहेका प्रतिवादीहरु सरोज यादव, रन्जित भट्टराई, नबीन गुरुङ्ग, बलराम के.सी. , नागेन प्रधान, सुमन शर्मा, रबि कार्की, गोबिन्द भण्डारी, गगन प्रधान, महेन्द्र राई, अर्जुन भण्डारी समेतको यकिन नाम थर वतन खुली आएमा वा पक्राउ परेका बखत पुरक अभियोग पेश गरिने व्यहोरा उल्लेख गरेको।साथै प्रतिवादीहरूमध्ये केदारप्रसाद गौतम समेतलाई नागरिकता, राहदानी र सरकारी दस्तखत कीर्ते मुद्दा मिति 2072/05/06 मा भक्तपुर जिल्ला अदालत समेतमा दायर भई काबाहीयुक्त अवस्थामा रहेको।

7. अभियोग र मागदावीः

(क) कृषि विकास बैंङ्क शाखा कार्यालय स्वयम्भूका तत्कालीन शाखा अधिकृत केदारप्रसाद गौतमको हकमाः

केदारप्रसाद गौतमले राष्ट्रसेवक कर्मचारीको हैसियतमा गर्नुपर्ने काम नगरी बदनियतपूर्वक रु.३३,९३,००,०००।- (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) हानि नोक्सानी पुऱ्याउने कार्यमा प्रत्यक्ष संलग्न भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा 17 बमोजिमको कसूर गरेकोले बिगो रु.३३,९३,००,०००।- (तेत्तीस करोड त्रियानब्बे लाख) कायम गरी सोही ऐनको दफा 17 ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा 3 को उपदफा (1) र दफा 3 को उपदफा (1) को खण्ड (झ) बमोजिम सजाय गरी हानि नोक्सानी भएको विगो रु.३३,९३,००,०००।- (तेत्तीस करोड त्रियानब्बे लाख) सोही ऐनको दफा 17 वमोजिम असुल उपर हुन भन्ने समेत मागदावी।

(ख) कृषि विकास बैंङ्क शाखा कार्यालय स्वयम्भूका तत्कालीन शाखा प्रबन्धक भरतबहादुर बानियाँको हकमाः

भरत बहादुर बानियाँले राष्ट्रसेवक कर्मचारीको हैसियतले गर्नुपर्ने कार्य नगरी रु.३३,९३,००,०००।- (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) हानि नोक्सानी पुऱ्याउने कार्यमा प्रत्यक्ष संलग्न भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा 17 बमोजिमको कसूर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी भरत बहादुर बानियाँलाई बिगो रु.३३,९३,००,०००।- (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) कायम गरी सोही ऐनको दफा 17 ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा 3 को उपदफा (1) र दफा 3 को उपदफा (1) को खण्ड (झ) बमोजिम सजाय गरी हानि नोक्सानी भएको विगो रु.३३,९३,००,०००।- (तेत्तीस करोड त्रियानब्बे लाख) सोही ऐनको दफा 17 वमोजिम असुल उपर हुन भन्ने समेत मागदावी ।

(ग) केदारप्रसाद गौतमको जेठी श्रीमती सम्झना पोखरेल गौतमको हकमाः

सम्झना पोखरेल गौतमले कृषि विकास बैङ्क लिमिटेड शाखा कार्यालय स्वयम्भूबाट बदनियतपूर्वक रु.३३,९३,००,०००।- (तेत्तीस करोड त्रियानब्बे लाख) हिनामिना गरी नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याई आफूलाई गैर कानूनी लाभ पुऱ्याउने कार्यमा प्रत्यक्ष संलग्न रहेको हुँदा निज सम्झना पोखरेल गौतमलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा 8 को उपदफा (4) बमोजिमको कसूरमा हिनामिना गरेको रु.३३,९३,००,०००।- (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) बिगो कायम गरी सोही ऐनको दफा 8 को उपदफा (4) बमोजिम सजाय गरी हानि नोक्सानी भएको बिगो रु.३३,९३,००,०००।- (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) समेत असुल उपर हुन भन्ने समेत मागदावी।

(घ) केदारप्रसाद गौतमको कान्छी श्रीमती जेनी श्रेष्ठ गौतमको हकमाः

केदारप्रसाद गौतमकी कान्छी श्रीमतीको रुपमा रही नेपालबाट फरार भइ विदेश जाने कार्यमा सहयोगीको भूमिका निभाउँदै केदारप्रसाद गौतमले अनियमित तरिकाले दिएको रकम प्रयोग गरी नक्कली नागरिकता र राहदानी बनाई भारतमा गई बसेको भन्ने जानकारी हुँदा-हुँदै निज केदारप्रसाद गौतमलाई कसूरबाट प्राप्त रकम लुकाउन र प्रयोग गर्ने समेतका कार्यमा संलग्न देखिई निजले कृषि विकास बैङ्क लिमिटेड शाखा कार्यालय स्वयम्भूबाट बदनियतपूर्वक रु.३३,९३,००,०००।- (तेत्तीस करोड त्रियानब्बे लाख) हिनामिना गरी नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याई आफूलाई गैर कानूनी लाभ पुऱ्याउने कार्यमा प्रत्यक्ष संलग्न रहेको हुँदा निज जेनी श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा 8 को उपदफा (4) बमोजिमको कसूरमा हिनामिना गरेको रु.३३,९३,००,०००।- (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) बिगो कायम गरी सोही ऐनको दफा 8 को उपदफा (4) बमोजिम सजाय गरी हानि नोक्सानी भएको बिगो रु.३३,९३,००,०००।- (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) समेत असुल उपर हुन भन्ने समेत मागदावी।

(ङ) सुमन भुजेलको हकमाः

निजले आरोपित कसूरमा इन्कार रही बयान गरेतापनि सम्झना पोखरेलबाट गाडी तथा जग्गा खरिद गरेको तर सो गाडी तथा जग्गा केदारप्रसाद गौतमले बैंकबाट अनियमित गरी निकालेको रकमबाट खरिद गरेको हो भन्ने जानीजानी उक्त कारोबार गरी सो कसूरमा निजको संलग्नता रहेको देखिँदा

कृषि विकास बैङ्क लिमिटेड शाखा कार्यालय स्वयम्भूबाट बदनियतपूर्वक रु.३३,९३,००,०००।- (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) हिनामिना गरी नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याई आफूलाई गैर कानूनी लाभ पुऱ्याउने कार्यमा प्रत्यक्ष संलग्न रहेको हुँदा निज सुमन भुजेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा 8 को उपदफा (4) बमोजिमको कसूरमा हिनामिना गरेको रु.३३,९३,००,०००।- (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) बिगो कायम गरी सोही ऐनको दफा 8 को उपदफा (4) बमोजिम सजाय गरी हानि नोक्सानी भएको बिगो रु.३३,९३,००,०००।- (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) समेत असुल उपर हुन भन्ने समेत मागदावी।

(च) सन्दीप गुप्ताको हकमा:

केदारप्रसाद गौतमले बैंकबाट अनियमित गरी गैर कानूनी तबरले निकालेको रकम मध्ये केही रकम भारत पठाई दिन सहयोग गर्ने साथै केदारप्रसाद गौतमको पटक पटक गरी तेजबहादुर थापाको नाममा सेन्चुरी बैंकमा जम्मा गरि दिने कार्य गरी निजलाई सहयोग पुऱ्याएको भन्ने तथ्य पुष्टि हुन आएकोले कृषि विकास बैङ्क लिमिटेड शाखा कार्यालय स्वयम्भूबाट बदनियतपूर्वक रु.३३,९३,००,०००।- (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) हिनामिना गरी नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याई आफूलाई गैर कानूनी लाभ पुऱ्याउने कार्यमा प्रत्यक्ष संलग्न रहेको हुँदा निज सन्दीप गुप्तालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा 8 को उपदफा (4) बमोजिमको कसूरमा हिनामिना गरेको रु.३३,९३,००,०००।- (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) बिगो कायम गरी सोही ऐनको दफा 8 को उपदफा (4) बमोजिम सजाय गरी हानि नोक्सानी भएको बिगो रु.३३,९३,००,०००।- (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) समेत असुल उपर हुन भन्ने समेत मागदावी।

(छ) वसन्त राई भन्ने सूर्यबहादुर लिम्बुको हकमाः

प्रस्तुत कसूरमा निजले आफू संलग्न नरहेको भनी इन्कारी बयान गरे तापनि आफू भारतको सिक्किममा बसोबास गर्ने नेपाली नागरिक भएको, वसन्त राईको फर्जी नामबाट नागरिकता बनाई बैंकको पुतलीसडक शाखामा खाता खोलेको, सो खाताबाट गैर कानूनी तबरले रकम निकाली केदारप्रसाद गौतम र राजीव थापा भन्ने कृष्णहरि थापालाई दिने जस्तो गैर कानूनी कार्यमा प्रत्यक्ष संलग्न भएको, प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान व्युरोबाट भएको अनुसन्धान समेतबाट उक्त रकम हिनामिनाको क्रममा निजकै नागरिकता प्रयोग गरी विभिन्न बैंङ्कहरुमा खोलिएको खातामा रकम जम्मा गर्नुको साथै सो रकम निकाल्ने कार्यमा प्रत्यक्ष संलग्न भएको अनुसन्धानबाट देखिएकोले कृषि विकास बैङ्क लिमिटेड शाखा कार्यालय स्वयम्भूबाट बदनियतपूर्वक रु.३३,९३,००,०००।- (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) हिनामिना गरी नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याई आफूलाई गैर कानूनी लाभ पुऱ्याउने कार्यमा प्रत्यक्ष संलग्न रहेको हुँदा निज सूर्य बहादुर लिम्बुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा 8 को उपदफा (4) बमोजिमको कसूरमा हिनामिना गरेको रु.३३,९३,००,०००।- (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) बिगो कायम गरी सोही ऐनको दफा 8 को उपदफा (4) बमोजिम सजाय गरी हानि नोक्सानी भएको बिगो रु.३३,९३,००,०००।- (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) समेत असुल उपर हुन भन्ने समेत मागदावी।

(ज) राजीव थापा भन्ने कृष्णहरि थापाको हकमाःअनुसन्धानको सिलसिलामा यस आयोगमा उपस्थित हुन मिति 2072/03/05 मा निज राजीव थापा भन्ने कृष्णहरि थापाका नाउँको सूचना म्याद निजको घर ठेगानामा जारी गरिएकोमा निजको एकाघरको आमा गोमा थापाले उक्त सूचना म्याद कानूनको रितपूर्वक बुझी सहिछाप समेत गरिदिएकोमा निज यस आयोगमा उपस्थित हुन नआई म्याद गुजारी बसेको देखियो।साथै प्रस्तुत कसूरको मुख्य योजनाकार केदारप्रसाद गौतमले बयानका क्रममा निज राजीव थापा भन्ने कृष्णहरि थापाबाट प्राप्त खातामा रकम Transfer गरी गराई कृषि विकास बैंङ्कको रकम बहिर्गमन गर्न पूरा सहयोग गरेको भनी उल्लेख गरेबाट फरार अभियुक्त राजीव थापा भन्ने कृष्णहरि थापाले कृषि विकास बैङ्क लिमिटेड शाखा कार्यालय स्वयम्भूबाट बदनियतपूर्वक रु.३३,९३,००,०००।- (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) हिनामिना गरी नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याई आफूलाई गैर कानूनी लाभ पुऱ्याउने कार्यमा प्रत्यक्ष संलग्न रहेको हुँदा निज राजीव थापा भन्ने कृष्णहरि थापालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा 8 को उपदफा (4) बमोजिमको कसूरमा हिनामिना गरेको रु.३३,९३,००,०००।- (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) बिगो कायम गरी सोही ऐनको दफा 8 को उपदफा (4) बमोजिम सजाय गरी हानि नोक्सानी भएको बिगो रु.३३,९३,००,०००।- (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) समेत असुल उपर हुन भन्ने समेत मागदावी ।

8. **प्रतिवादी भरत बहादुर बाँनियाले यस अदालतमा गरेको बयानः-**म तत्कालिन समय कृषि विकास बैंक लिमिटेड स्वयम्भु शाखामा प्रबन्धक धइ कार्यरत रहेको थिएँ। मैले आफ्नो कार्यालय समयभित्र गर्नुपर्ने दायित्व जिम्मेवारी पूर्णरुपले बहन गरी कर्तव्य पूरा गरेको छु। बैंकबाट बहिर्गमन भएको रकम रु. 33,93,000।- (तेत्तीस करोड त्रियानब्बे लाख) मेरो कारणबाट हुँदै भएको होइन। उक्त रकम बैंकका शाखा अधिकृत केदारप्रसाद गौतमको युजर आइडी र लेखापाल गीता पन्तको युजर आइडीबाट कर्यालय समय भन्दा पछि गीता पन्तको युजर आइडी र पासवर्डबाट इनपुट भएको र केदारप्रसाद गौतमले अथोराइज्ड गरी व्यक्तिहरुको नक्कली खातामा जम्मा गराई तुरुन्त नै उक्त रकम पटकपटक गरी कृषि विकास बैंकको उपत्यका भएका अन्य शाखाहरुमा रहेको नक्कली खाताहरुबाट रकम झिकिएको हो। उक्त कुरा म मिति 2072/03/10 गते कार्यालयमा हाजिर हुँदा रु. 10,00,000।- अथराइज गर्न बाँकी रहेको मैले मेरो कम्प्युटरमा देखेर पत्ता लगाएँ। मैले तत्काल सम्पूर्ण कर्मचारीहरुलाई मेरै कार्यकक्षमा बोलाएर यो रकम के भएको हो ? यसको सम्पूर्ण सपोटिङ्ग डकुमेन्ट के छ भनी खोजी गर्दा गीता पन्त र केदारप्रसाद गौतमले इन्ट्री गरेको अरु पनि रकम फेला परेपछि म स्वयम् कृषि विकास बैंकको कार्यकारी अधिकृत कहाँ गई जानकारी गराएको हो। त्यसपछि केन्द्रिय प्रहरी अनुसन्धान बिउरोमा गई लिखित उजुरी दिएको हो । साथै केदारप्रसाद गौतमको गाडी नम्बर टिपाएर निजलाई पक्रन पहल गरेको हो। त्यसै सिलसिलामा प्रहरीले निजलाई भाग्दै गर्दाको अवस्थामा भारतको सलगुडीमा पक्राउ गरेका हुन्। उक्त रकम बहिर्गमन गर्ने क्रममा नक्कली खाता खोल्ने, रकम ट्रान्सफर गर्ने लगायतका कुनै पनि कसुरमा मारो संलग्नता छैन। यी सम्पूर्ण कार्य केदारप्रसाद गौतमले कार्यालय समयपछि पदको दुरुपयोग

गरी गरेको हो भन्ने कुरा बैंकमा जडित सिसिटिभि फुटेजबाट पनि प्रमाणित भइसकेको हुँदा आरोपपत्रमा माग गरेबमोजिम मलाई कुनै सजायँ हुने पनि होइन्। विगो रकम पनि मैले तिर्नुपर्ने होइन। यी सम्पूर्ण कार्य केदारप्रसाद गौतमले गरेको हुँदा आरोपपत्रमा माग भएबमोजिम सजाय तथा विगो केदारप्रसादलाई गौतमलाई नै हुने हो।

9. **यस अदालतबाट मिति 2076/10/14 मा भएको थुनछेक आदेशः** प्रतिवादीले आरोपित कसुरमा इन्कार रही अनुसन्धानको क्रममा र अदालतमा बयान गरेको, प्रतिवादी केदारप्रसाद गौतमले अनुसन्धानको क्रममा निज प्रतिवादीको आरोपित कसुरमा संलग्नता देखाई वयान गर्न नसकेको, यी प्रतिवादी समेतका उपर बैंकिङ्ग कसूरतर्फ दायर भएको मुद्दामा प्रतिवादी केदारप्रसाद गौतमको बयानबाट पनि यी प्रतिवादीको संलग्नता नरहेको भन्ने देखिएको, उक्त बैङ्किङ्ग कसूर सम्बन्धी मुद्दामा भएको फैसला समेतका तत्काल प्राप्त प्रमाण समेतलाई विचार गर्दा विशेष अदालत ऐन, 2059 को दफा 7(ग) को अवस्था विद्यमान रहेको देखिन आएकोले पछि थप प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाललाई मुद्दाको पुर्पक्षका निमित्त निज प्रतिवादी भरत बहादुर बानियाँलाई तारेखमा राख्नु भनी मुलुकी फौजदारी कार्यविधि संहिता, 2074 को दफा 79 बमोजिम यस अदालतबाट भएको आदेश।आदेशानुसार प्रतिवादी भरत बहादुर बाँनिया तारेखमा रहेको।

10. **प्रतिवादी सुमन भुजेलले यस अदालतमा गरेको बयानः-**मैले सम्झना पोखरेलबाट किनेको जग्गा सम्झना पोखरेलको हजुरबुबाबाट बुबा र बुबाबाट 2 जना छोरीको नाममा परित भइ फेरी 2 जना छोरीहरु मध्ये सम्झना पोखरेलको नाममा पारित भइ आएको जग्गा मैले सम्झना पोखरेलको नामबाट खरिद गरि लिएको हो। त्यसैले उक्त जग्गा सम्झना पोखरेलले अन्य तवरबाट प्राप्त गरेको नभइ निजको हजुरबुबा तथा बुबाट प्राप्त भएको हुँदा भ्रष्टाचार गरी खरिद गरेको भन्ने आरोप झुट्टा हो।मैले सम्झनासँग खरिद गरेको गाडी 2068 सालमा युनिभर्सल डेभलोपमेन्ट फाइनान्सबाट फाइनान्स गरी किनेको हो। मैले जानी जानी निजहरुले भ्रष्टाचार गरी खरिद गरेको जग्गा तथा गाडी किनेको होइन। यो मुद्दाको विषयमा मैले खरिद गरेपछि पत्र पत्रिकामा समाचार आएपछि थाहा पाएको हुँ। त्यसैले उक्त जग्गा सम्झना पोखरेलको पैतृक सम्पत्तिबाट प्राप्त गरेको र गाडी 2068 सालमा नै खरिद गरेको हुँदा निज केदारप्रसादले भ्रष्टाचार गरेको रकमबाट खरिद गरेको भन्ने कुरा झुट्टा हो। यसै विषय र बारदातमा मलाई समेत प्रतिवादी बनाई उच्च अदालत पाटनमा बैंकिङ कसूर सम्बन्धी मुद्दा चलेकोमा उक्त मुद्दामा म निर्दोष ठहर भइ फैसला भएको छ। त्यसैले यो आरोपमा मेरो संलग्नता नरहेको हुँदा प्रस्तुत आरोप दावीबाट फुर्सद पाउनु पर्ने हो।

11. **यस अदालतबाट मिति 2076/10/14 मा भएको थुनछेक आदेशः** प्रतिवादीले आरोपित कसुरमा इन्कार रही अनुसन्धानको क्रममा र अदालतमासमेत कसूरमा इन्कार रही आफुले खरिद गरेको गाडी फिर्ता गर्न तयार रहेको भनी बयान गरेको, प्रतिवादी समेतका उपर बैङ्किङ्ग कसूरतर्फ दायर भएको मुद्दामा सफाई पाई सैसला भएको देखिएको समेतका तत्काल प्राप्त मिसिल संलग्न कागजप्रमाण समेतलाई विचार गर्दा विशेष अदालत ऐन, 2059 को दफा 7(ग) को अवस्था विद्यमान रहेको देखिन आएकोले पछि थप प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाललाई

मुद्दाको पुर्पक्षका निमित्त निज प्रतिवादी सुमन भुजेललाई तारेखमा राख्नु भनी मुलुकी फौजदारी कार्यविधि संहिता, 2074 को दफा 79 बमोजिम यस अदालतबाट भएको थुनछेक आदेश।आदेशानुसार प्रतिवादी सुमन भुजेल तारेखमा रहेको।

12. **प्रतिवादी सन्दिप गुप्ताले यस अदालतमा गरेको बयानः-** मैले प्रतिवादी केदारप्रसाद गौतमलाई सुन बेचेको र केहि सुन फिर्ता किनेको सम्म हुँ। त्यस बाहेक निज प्रतवादीसंग मेरो कुनै पनि व्यवहार तथा लेनदेन भएको छैन्। निज प्रतिवादीसमेतले गरेको बैङ्कको रकम अनियमिततामा मेरो कुनै पनि प्रकारको संलग्नता छैन्। त्यसैले म उपरको उक्त अभियोग मागदावी झुठ्ठा रहेको छ। अरुको गलत कामको सजाय मैले नपाउनु पर्ने हो। उक्त अनियमिततामा मेरो कुनै पनि सहभागिता नभएको हुँदा मलाई अभियोग मागदावी बमोजिम सजाय हुनुपर्ने होइन। जसले उक्त रकम अनियमितता गरेका हुन् उक्त रकम निजहरुबाटै असूल उपर हुनुपर्ने हो। म उपर उक्त अभियोग दावी लिने कुनै आधार र प्रमाण समेत नरहेको र खाली सुन कारोबार गरेकै भरमा अभियोग लगाउने कार्य भएको छ। अत म प्रस्तुत मुद्दामा निर्दोष भएको हुँदा अभियोग दावीकाट सफाई दिलाई पाउँ।

13. **यस अदालतबाट मिति 2076/11/12 मा भएको थुनछेक आदेशः** प्रतिवादी सन्दीप गप्तालेले आरोपित कसुरमा अनुसन्धानको क्रममा र अदालतमासमेत कसूरमा इन्कार रही गरेको बयान, प्रतिवादी केदारप्रसाद गौतमले गरेको बयान लगायत, प्रतिवादी समेतका उपर बैङ्किङ्ग कसूरतर्फ दायर भएको मुद्दामा फैसला समेतका मिसिल संलग्न तत्काल प्राप्त प्रमाण समेतलाई विचार गर्दा विशेष अदालत ऐन, 2059 को दफा 7(घ) को अवस्था विद्यमान रहेको देखिन आएकोले पछि थप प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाललाई मुद्दाको पुर्पक्षका निमित्त निज प्रतिवादी सन्दीप गुप्तालाई रु.25,000/- (पच्चीस हजार रुपैंया) धरौटी वा जमानत वा बैंक जमानतमा राख्नु भनी मुलुकी फौजदारी कार्यविधि संहिता, 2074 को दफा 68(2) तथा दफा 80 बमोजिम यस अदालतबाट भएको थुनछेक आदेश।आदेशानुसार प्रतिवादी सन्दीप गुप्ताले यस अदालतको र.नं.772 मिति 2076/11/12 मा धरौटी राखि तारेखमा रहेको।

14. **प्रतिवादी सम्झना पोखरेल गौतमले यस अदालतमा गरेको बयानः-**मेरो श्रीमानले बैंकबाट अनियमित रकम निकालेको भनेका समयमा मैले कुनै पनि बैंकमा कुनै खाता खोल्ने, कसैलाई कर्जा दिने र कसैबाट लिने कार्य गरेको छैन। म बसाई सराई गरी भारत तर्फ गएको पनि छैन। म सर्लाहीमै बसेको छु। मैले श्रीमानले अनियमितता गरेको रकमबाट आफ्नो नाममा कुनै घर जग्गा किनेको छैन र रकम लुकाएको प्रयोग गरेको पनि छैन। जग्गा बेचेको भन्ने आरोपमा मेरो माईतीको बुबाले मिति 2071/01/30 गते आफ्नो अंशबाट पाएको जग्गा मलाई दाईजो स्वरुप दिनु भएको जग्गा मैले बेचेको हो। यो आरोप दावी सरासर झुट्टा हो। मेरो यसमा कुनै संलग्नता छैन। बैंकका रकम अनियमिततामा मेरो कुनै पनि संलग्नता छैन। त्यसैले म उपरको उक्त अभियोग मागदावी झुट्टा रहेको छ। अरुको गलत कामको सजाय मैले पाउनु नपर्ने हो। उक्त अनियमिततामा मेरो कुनै पनि प्रकारको संलग्नता नरहेको हुँदा मलाई अभियोग दावी उपर सजाय

हुनु पर्ने होइन। कान्छी श्रीमती लिएर बस्नुभएको श्रीमानले मलाई बैंकको रकम अनियमितता गरेको बारेमा मलाई केही पनि जानकारी दिनु भएको थिएन। के-कति रकम हिनामिना गरेको हो। श्रीमान केदारप्रसाद गौतम र उहाँकी कान्छी श्रीमतीनै जानुन मलाई जानकारी भएन। जसले उक्त रकम अनियमितता गरेका हुन् उक्त रकम निजहरुबाटै असूलउपर हुनुपर्ने हो। म उपर उक्त अभियोग दावी लिने कुनै आधार र प्रमाण नरहेको र मैले बुबाले दिएको दाइजो स्वरुप प्राप्त गरेको जग्गा बेचेको हो। अतः म प्रस्तुत मुद्दामा निर्दोष भएको हुँदा अभियोग मागदावीबाट सफाँई पाउँ।

15. **यस अदालतबाट मिति 2076/11/19 मा भएको थुनछेक आदेशः** प्रतिवादी सम्झना पोखरेलले आरोपित कसुरका सम्बन्धमा अनुसन्धानको क्रममा र अदालतमासमेत बयान गर्दा कसूरमा इन्कार रहेको, अन्य प्रतिवादीहरुबाट आरोपित कसूरमा पोल गरेको नदेखिएको, प्रतिवादी केदारप्रसाद गौतमको श्रीमति नातासम्म रहेको देखिएको जग्गा र गाडी राजिनामाको अवस्था र पृष्ठभुमी समेतका मिसिल संलग्न तत्काल प्राप्त प्रमाणबाट विशेष अदालत ऐन, 2059 को दफा 7(ग) को अवस्था विद्‌यमान रहेको देखिन आएकोले पछि थप प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाललाई मुद्‌दाको पुर्पक्षका निमित्त निज प्रतिवादी सम्झना आदेश अनुसार प्रतिवादी सन्दीप गुप्ता साधारण तारिखमा रहेको।

16. **यस अदालतबाट मिति 2077/10/09 मा भएको आदेशः** प्रतिवादि मध्येका तेज बहादुर थापा भन्ने केदारप्रसाद गौतम हाजिरी भएको देखिएन। निजका नाममा सर्लाही जिल्ला लालबन्दी न.पा. वडा नं.17 मा निजको बाबुले मिति 2076/10/21 मा बुझी तामेल भएको नदेखिए पनि निज प्रतिवादी हाल कारगार कार्यालय डिल्लीबजारमा थुनामा रहेको भनि आरोपपत्रमा नै खुलाइएको देखिएकोमा कारागारमा रहेको प्रतिवादीलाई प्रस्तुत आरोप दावीका सम्दर्भमा झिकाइ बयान गराउनुपर्नेमा निजको वतनमा म्याद बदर गरेको मिलेको नदेखिँदा निज प्रतिवादीको नाउमा मिति 2076/10/21 को तामेली म्याद बदर गरिदिएको छ। उल्लेखित कारागारबाट निज प्रतिवादीलाई झिकाई बयानका लागि पेश गर्नु भनी मिति 2077/10/09 गतेको आदेश।

17. **प्रतिवादी केदारप्रसाद गौतमले यस अदालतमा गरेको बयानः-** म कृषि विकास बैंकमा स्वयम्भु शाखा कार्यालयमा अधिकृत पदमा कार्यरत रहेको थिएँ। उक्त समयमा म मादक पदार्थको कुलतमा परी मेरो आर्थिक कारोबार सबै लथालिङ्ग भएको थियो। त्यसै क्रममा सह प्रतिवादी बनाईएका राजिव थापा भन्ने कृष्णहरी थापाले हामीहरुले आर्थिक उपार्जन गर्नका लागि मैले एउटा योजना ल्याएको छु। तपाई यसमा सहयोग गर्नु पर्यो भनी निजले विभिन्न ब्यक्तिहरुको खाता नं. रकम र गोप्य कोड (सो रकम इन्ट्री गर्नका लागि गोप्य कोर्ड हुन्छ जसको लागि कृषि विकास बैंक मुख्य कार्यालयको रेमिट शाखाले मात्र दिन सक्छ।) दिई म मार्फत निजले दिएको बैंक एकाउन्टहरुमा विभिन्न शाखाहरुबाट आएको रकम ट्रन्सफर सम्म गरि दिएको हुँ। उक्त रकम निकाल्ने काममा राजिब थापा भन्ने कृष्णहरि थापा लगायतका अन्य को को सहभागि भए र कति रकम निकाले मलाई यकिन छैन। मैले रेमिट ट्रान्सफर सम्म गरेको हो। अन्य कुरा कुनै मलाई जानकारी हुदैनथियो। यस काम गरे वापत विभन्न मितिमा (9 महिनाको अवधिमा) 1 करोड 75 लाख

मलाई पटक पटक गरी निज कृष्णहरि थापाले दिएका थिए। यो घटना बाहिर आए पछि प्रहरी अनुसन्धानमा मेरो मातहतमा रहेका विभिन्न बैक खाताहरु र नगद गरी 99 लाख 50 हजार फिर्ता गरेँ र 75 लाख 50 हजार म बाट खर्च हुन गएको हो। यति रकम सम्मको म जिम्मा लिने र जवाफ देहि हुन सक्छु। म कार्यरत रहेको शखाले रेमिटको काम गर्दथ्यो तर सो शाखामा बाहिरबाट आएको रेमिटको रकम के कति भन्ने कुरा मलाई हुदैनथ्यो। यो सबै कुराको जानकारी मिलाउने कृष्णहरि थापा लगायत मुख्य कार्यालयका ट्रेजरि विभाग, रेमिट विभाग, हिसाब भिडान विभाग र निरीक्षण विभागलाई समेत हुन्छ। निजहरुले गोप्य कोड नदिएसम्म कम्प्युटरबाट इन्ट्री नै हुँदैन। ति गोप्य कोड र रकम राजिब थापाबाट आउने गरे पश्चात यस्तो काम भएको हो। म पक्राउ परे पश्चात यस घटनाको मुख्य दोषी राजिव थापा भन्ने कृष्णहरि थापा हुन निजलाई गोप्य कोड समेत उपलब्ध गराई सहयोग गर्ने मानिस को को हुन निजहरुले के कति रकम अपचलन गरे भन्ने कुरा राजिवलाई मात्र थाहा थियो। मैले यस अभियोगमा सो कार्यमा सहभागि मानिसहरुलाई प्रतिवादी बनाईएको छ भन्ने लागेको थियो। तर सो भए गरेको पाइन मैले प्रहरीलाई समेत यस कुराको जानकारी गराएकोमा यस उपर कुनै छानवीन अनुसन्धान भएको पाइएन भनी आरोप दावीमा उल्लेख भएको विगो रु.33,93,00,000/- (तेत्तिस करोड तिरानब्बे लाख रुपैयाँ) मैले खाइ मासी अपचलन नगरेको हुँदा मैले माथि उल्लेख गरेको मैले खाए मासेको मात्र विगो कायम गरी पाउँ।

18. **यस अदालतबाट मिति 2076/11/19 मा भएको थुनछेक आदेशः** प्रतिवादीले अदालत समक्ष बयान गर्दा विभिन्न बैंक एकाउन्टहरुमा विभिन्न शखाबाट आएको रकम ट्रान्सफर गरीदिएको र सो वापत 1 करोड 75 लाख रुपैंया पाएको तथ्यलाई स्वीकार गरेको देखिएको र बैंकिङ कसूर सम्बन्धि मुद्‌दामा उच्च अदालत पाटनको बाणिज्य इजलाशबाट निज प्रतिवादी उपर कसूर ठहर गरी फैसला गरेको समेतलका मिसिल संलग्न तत्काल प्राप्त प्रमाणहरुबाट विशेष अदालत ऐन, 2079 को दफा 7(घ) बमोजिमको अवस्था विद्‌यमान रहेको देखिन आएकोले बैंकिङ कसूर कायम भई फैसला भएको र हाल कैदमा रही रहेको अवस्था तथा बैंकिङ कसूर तथा सजाय ऐन, 2064 को दफा 28 समेतका सन्दर्भमा फैसला हुँदा ठहरे बमोजिम हुने गरी हाललाई निज प्रतिवादी केदारप्रसाद गौतमबाट रु.1,75,00,000/- (एक करोड पचहत्तर लाख रुपैंया) धरौटी माग गरिएको छ। प्रतिवादीले सो माग धरौटी नगदै वा जमानत वा बैंक जमानत दिए लिई निजलाई तारिखमा राख्ने प्रयोजनार्थ थुनाबाट छुटी जाने भएमा यस अदालतमा हाजिर गर्न पठाईदिनु भनि सम्बन्धित कारागारलाई लेखि पठाउनु। उक्त धरौटी नदिए वा दिन नसके प्रस्तुत मुद्‌दाको पुर्पक्षका निमित्त समेत कानून बमोजिम गरी थुनामा राख्नु भनी मुलुकी फौजदारी कार्यविधि संहिता, 2074 को दफा 68(2) तथा दफा 80 बमोजिम यस अदालतबाट मिति 2077/11/13 मा भएको थुनछेक आदेश।अदालतको आदेश बमोजिम धरौटी रकम राख्न नसकेको कारण निज प्रतिवादि कारागार कार्यालय डिल्लीबजार थुनामा रहेको।

19. **अदालतबाट मिति 2077/12/10 गते भएको आदेश**:-यसमा वादी तथा प्रतिवादीका साक्षीहरुको साक्षी बकपत्र गराई इजलास समक्ष पेश गर्नू।

20. **अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्रुटी सच्याई पाँउ भनी दिएको निवेदन**:- बैकिङ रकम अनियमित तवरले निकाली भ्रष्टाचार गरेको मुद्दामा त्रुटी (नेपाल राष्ट्र बैंङ्क र कृषि बिकास वैंक को प्रतिवेदन दिने प्रतिवेदकहरु आरोप पत्रको पाना नं. १९ को खण्ड (ख) को अ) सच्याई पाउँ भनी मिति 2078/08/28 गते दिएको निवेदन ।

21. **मिति 2078/08/29 को अदालतको आदेश**:- प्रस्तुत मुद्दाको पेशीको जानकारी विशेष सरकारी वकिल कार्यालयलाई दिनु भनि इजलासबाट मिति 2078/08/29 मा भएको आदेश।

22. **मिति 2078/09/02 को अदालतको आदेश**:- आरोपपत्रको खण्ड (ख) को (अ) को टाइपमा सामान्य त्रुटी (कृषि विकास वैंक लिमिटेडका प्रतिवेदन दिने प्रतिवेदकहरु हुनुपर्नेमा नेपाल राष्ट्र बैंकका प्रतिवेदन दिने प्रतिवेदकहरु) भएको हँदा सोही बमोजिम शंशोधन गरी पाउँ भनी 078-OA-0298 को निवेदन पेश भएको देखियो। मिसिल संलग्न 2072/03/13 को प्रतिवेदन पेश गरिएको बारे विषय उल्लेख भएको प्रतिवेदन हेर्दा कृषि विकास बैंक लिमिटेडको प्रतिवेदनमा प्रतिवेदनमा प्रतिवेदन दिने प्रतिवेदनकहरु भनी उल्लेख भएको समेत देखिँदा प्रस्तुत निवेदन माग बमोजिम आरोपपत्रको पाना १९ को खण्ड (ख) को (अ) मा नेपाल राष्ट्र बैंकका प्रतिवेदन दिने प्रतिवेदकहरु भन्ने वाक्यको सट्टा कृषि विकास बैंक लि.का प्रतिवेदन दिने प्रतिवेदकहरु भनी मुलुकी फौजदारी कार्यविधि नियमावली, 2075 को नियम 48 बमोजिम शंशोधन आदेश गरिदिएको छ। प्रस्तुत निवेदन र आरोपपत्रको पूरकको रुपमा मिसिल सामेल गर्नु।

23. **प्रतिवादी सम्झना पोखरेल गौतमको साक्षी विनिता काफ्लेले इमान धर्म सम्झी गरेको बखपत्र**:- म प्रतिवादी सम्झना पोखरेल गौतमको साथि हो। उनी गृहणी हुन्। उनी बैंकको कर्मचारी पनि होइनन्। बैंकिङ कारोबार सम्बन्धी उनलाई कुनै पनि जानकारी भएको छैन। उनको श्रीमान कर्मचारी हुन। श्रीमानले के-कसो गरे उनलाई थाहा हुने कुरा भएन। उनलाई मुद्दा लाग्नपर्ने होइन। यसमा सम्झनाको कुनै पनि संलग्नता रहेको छैन। सम्झनालाई लागेको आरोप झुट्टा हुन। उनले सजाय पाउनुपर्ने होइन।

24. **प्रतिवादी भरत बहादुर बानियाँको साक्षी विश्वनाथ खड्काले इमान धर्म सम्झी गरेको बकपत्र**:- बैंकको कार्यालय प्रमुखको हैसियतले आफ्नो भुमिका उहाँले राम्रोसँग निर्वाह गर्नु भएको हो। उहाँले पहिलादेखी आफ्नो काम प्रतिको लापरबाही पहिला पनि थिएन र अहिलेसम्म पनि देखिएको छैन। बैंकमा जुन आर्थिक हिनामिनाका काम छन् ती सबै कार्यालय समयभन्दा पछि भएको र यसको अभिलेख केन्द्रिय कार्यालयमा मात्र हुने हँदा यसको जानकारी वहाँलाई हुने कुरा भएन। पछि केदार गौतमले रकम हिनामिना गरेको कुरा उहाँले थाहा पाएपछि उहाँ स्वयमले नै केन्द्रिय कार्यालयमा खबर गर्नु भएको हो। त्यसैले उहाँलाई लगाइएको अभियोग झुठ्ठा हो। उहाँ बैंकको एक कुशल कर्मचारी भएको हुनाले वहाले पुरस्कार समेत पाउनु भएको हो। वहाँले प्रस्तुत आरोपबाट सफाई

पाउनुपर्छ। यस आर्थिक कारोबारको सम्पूर्ण जिम्मेवारी केदार गौतमले स्वीकारेको हुँदा भरतबहादुर बानियाँको कुनै मिलेमतो देखिदैन।

25. **वादी नेपाल सरकारका साक्षी प्रतिवेदक कृष्णप्रसाद नेपालले गरेको बकपत्रः**- मिति 2072/03/13 मा कृषि विकास बैंक लि. मुख्य कार्यालयमा पेश गरेको प्रतिवेदन समेतको व्यहोरा सहि साँचो हो। सहिछाप मेरो हो। हेरी चिनी सनाखत गरिदिएँ। सबै कुरा प्रतिवेदनमा नै उल्लेख गरिएको छ।

26. **प्रतिवादी सुमन भुजेलका साक्षी देवेन्द्र कुमार भुजेलले गरेको बकपत्रः**- म सुमन भुजेलको भाई हो। निज एक इमान्दार, असल स्वभावका सहयोगी स्वास्थ्य व्यवसायी हुन्। निजले बैंकको रकम अनियमित रुपमा राख्ने तथा हानीनोक्सानी गर्ने काम गरेका छैनन्। निज सुमन भुजेलले आरोपित कसुर नगरेकोले आरोपदावीबाट सफाइ पाउनुपर्दछ।

27. **नेपाल सरकारका साक्षी प्रतिवेदक शैलेन्द्रकुमार बजगाईले गरेको बकपत्रः**- मिति 2072/03/13 मा मैले कृषि विकास बैंकको मुख्य कार्यालयमा प्रतिवेदन पेश गरेको हो। उक्त प्रतिवेदनमा भएको बेहोरा र सहिछाप मेरो हो हेरी चिनी सनाखत गरिदिँए।

28. **प्रतिवादी संदिप गुप्ताका साक्षी लोकहरी सापकोटाले गरेको बकपत्रः**- निज संदिप गुप्तालाई म 9 वर्ष अघि देखी चिन्दछु। निज एक इमान्दार, असल स्वभावका सहयोगी सुनचाँदी व्यवसायी हुन्। निजले बैंकको रकम अनियमित रुपमा राख्ने तथा हानि नोक्सानी गर्ने काम गरेका छैनन्। केदार गौतमले करिब 22 लाख जतिको सुन म कार्यरत उक्त संदिप गुप्ताको सुनचाँदी पसलबाट किनेका हुन्। पछि उक्त सुन मध्येबाट चार लाख रुपैंया बराबरको सुन बेच्न आएको थिए। सो सुन बापतको पैसा निज केदारप्रसाद गौतमको बैंक खातामा जम्मा भएको हो। निज संदिप गुप्ताले आरोपित कसुर नगरेकोले आरोपदावीबाट सफाइ पाउनुपर्ने हो। संदिप गुप्ता सुनचाँदीको कारोबार गर्ने हुँदा सुन विक्रि वापतको रकम केदारप्रसाद गौतमको खातामा जम्मा मात्र गरिदिएका मात्र हुन। भारत पठाउन सहयोग गरेको होइन। केदार गुप्तालाई संदिप गौतमले कुनै सहयोग गरेका छैनन्।

29. **वादी नेपाल सरकारका साक्षी प्रतिवेदक पंकजकुमार गौतमले गरेको बकपत्रः**- मैले मिति 2072/03/13 मा कृषि विकास वैंक लिमिटेडको मुख्य कार्यालयमा प्रतिवेदन पेश गरेको हो। त्यसको सम्पूर्ण विवरण प्रतिवेदनमै उल्लेख गरिएको बमोजिम नै हो।

30. **वादी नेपाल सरकारका साक्षी प्रतिवेदक कुमार पुडासैनीले गरेको बकपत्रः**- मैले मिति 2072/03/13 मा कृषि विकास वैंक लिमिटेडको मुख्य कार्यालयमा प्रतिवेदन पेश गरेको हो। प्रतिवादी सम्झना पोखरेल र सुमन भुजेल बैंकका कर्मचारी होइनन्। त्यसको सम्पूर्ण विवरण प्रतिवेदनमै उल्लेख गरिएको बमोजिम नै हो।

31. **वादी नेपाल सरकारका साक्षी प्रतिवेदक पवन कुमार महतोले गरेको बकपत्रः-** मैले मिति 2072/03/13 मा कृषि विकास वैंक लिमिटेडको मुख्य कार्यालयमा प्रतिवेदन पेश गरेको हो। त्यसको सम्पूर्ण विवरण प्रतिवेदनमै उल्लेख गरिएको बमोजिम नै हो।

32. **वादी नेपाल सरकारका साक्षी प्रतिवेदक देवीप्रसाद पोखरेलले गरेको बकपत्र:-** मैले मिति 2072/03/13 मा कृषि विकास वैंक लिमिटेडको मुख्य कार्यालयमा प्रतिवेदन पेश गरेको हो। प्रतिवादी सम्झना पोखरेल र सुमन भुजेल बैंकका कर्मचारी होइनन्। त्यसको सम्पूर्ण विवरण प्रतिवेदनमै उल्लेख गरिएको बमोजिम नै हो।

33. **वादी नेपाल सरकारका साक्षी प्रतिवेदक गोपाल रेग्मीले गरेको बकपत्र:-** मैले मिति 2072/03/13 मा कृषि विकास वैंक लिमिटेडको मुख्य कार्यालयमा प्रतिवेदन पेश गरेको हो। त्यसको सम्पूर्ण विवरण प्रतिवेदनमै उल्लेख गरिएको बमोजिम नै हो। प्रतिवादी सम्झना पोखरेल र सुमन भुजेलले भ्रष्टाचार गरेको विषयमा मलाई कुनै पनि जानकारी भएन।

34. **वादी नेपाल सरकारका साक्षी प्रतिवेदक रमेश प्रसाद कलौनीले गरेको बकपत्र:-** मैले मिति 2072/03/13 मा कृषि विकास वैंक लिमिटेडको मुख्य कार्यालयमा प्रतिवेदन पेश गरेको हो। त्यसको सम्पूर्ण विवरण प्रतिवेदनमै उल्लेख गरिएको बमोजिम नै हो।

35. **मिति 2078/10/10 मा भएको अदालतको आदेश**ः-

यसमा नियमानुसार गरी पेश गर्नुः-

(क)आरोप पत्रको प्रकरण १ को (ङ) मा वादी नेपाल सरकार प्रतिवादी केदारप्रसाद गौताम समेत भएको बैंकिङ कसूर मुद्दामा उच्च अदालत पाटनबाट मिति 2074/07/28 मा भएको फैसला उपर श्री सर्वोच्च अदालतमा पुनरावेदन परी विचाराधिन रहेको भन्ने देखिँदा उक्त मुद्दा हाल के कुन अवस्थामा छ। बुझी फैसला भएको भए फैसलाको प्रतिलिपी झिकाउनु।

(ख) प्रतिवादी केदारप्रसाद गौतमको नागरिकता किर्ते विषयको आरोपपत्र प्रकरण १ को (च) मा भए बमोजमिम काठमाडौ जिल्ला अदालतमा चलेको उक्त मुद्दा हाल के कुन अवस्थामा छ। बुझी फैसला भएको भए फैसलाको प्रतिलिपी झिकाउनु।

(ग)आरोपपत्र प्रकरण १ को (च) मा उल्लेखित प्रतिवादी केदारप्रसाद गौतमको नागरिकता, राहदानी र सरकारी छाप दस्दखत किर्ते मुद्दा हाल के कुन अवस्थामा छ। बुझी फैसला भएको भए फैसलाको प्रतिलिपी झिकाउनु भनी आदेस भई आदेशानुसार कार्य सम्पन्न भएको।

36. **मिति 2079/05/27 मा भएको यस अदालतको आदेश**ः- यसमा प्रतिवादी वसन्त राई भन्ने सुर्य बहादुर लिम्बुको नाउँमा म्याद मिति 2076/09/15 मा निजको घरदैलोमा टाँस भएको तामेली प्रतिवेदनबाट देखिएता पनि आरोप दावीमा उल्लेखित निजको वतन भन्दा फरक वतनमा म्याद तामेल भएको देखिँदा उक्त मिति 2076/09/15 को तामेली म्याद बदर गरी पुनःम्याद तामेली म्याद जारी गर्नु र तामेल भई प्रतिवादी हाजिर भए वा अवधि गुजारेपछि नियमानुसार पेश गर्नु।

37. **मिति 2079/09/11 मा यस अदालतबाट भएको आदेश**

यसमा देहायको कार्य गरी इजलास समक्ष पेश गर्नू-

क. आरोपपत्रको सवुद प्रमाण खण्डको प्रकरण (ख) को देहाय (आ) मा वादीका साक्षी भनी उल्लेख भएका अनुसन्धानको क्रममा कागज गर्ने व्यक्तिहरु कृषि विकास बैंक लि. को सूचना प्रविधि विभागका तत्कालीन का.मु. प्रमुख डिल्लीप्रसाद चौधरी र सोही बैंकका तत्कालीन इन्जिनियर सुरेश

पोखरेललाई बकपत्रका लागि इजलास समक्ष उपस्थित गराएको नदेखिँदा पुन आदेश र पत्राचार गर्नु नपर्ने गरी विशेष सरकारी वकिल कार्यालय मार्फत अनिवार्य रुपमा उपस्थित गराउनु भनि मिति तोकी अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालमा लेखि पठाई उपस्थित गराए बकपत्रका लागि इजलास समक्ष पेश गर्नू।

ख. अनुन्धानको क्रममा कागज गर्ने नेपाल राष्ट्र बैंकका तत्कालीन सहायक निर्देशक सागर मायालु जोशीलाई विशेष अदात ऐन, 2059 को दफा 7(क) वमोजिम वुझ्नु पर्ने देखिँदा विशेष सरकारी वकिल कार्यालय मार्फत झिकाई बकपत्रका लागि इजलास समक्ष पेश गर्नू।

38. **नेपाल सरकारका साक्षी सुरेश पोखरेलले गरेको बकपत्रः-** मिति 2073/02/23 मा अख्तियारमा गरेको बयानको बेहोरा र सहिछाप मेरो नै हो। म कुनै पनि अनुसन्धानको काममा सहभागि नभएको कारण अन्य केही पनि मलाई जानकारी भएन।

39. **नेपाल सरकारका साक्षी डिल्ली प्रसाद चौधरीले गरेको बकपत्रः-** मिति 2073/02/23 मा अख्तियारमा गरेको बयानको बेहोरा र सहिछाप मेरो नै हो। म कुनै पनि अनुसन्धानको काममा सहभागि नभएको कारण अन्य केही पनि मलाई जानकारी भएन।

40. **मिति 2079/11/02 मा यस अदालतबाट भएको आदेशः**- यस अदालतको मिति 2079/09/11 को आदेशले नेपाल राष्ट्र बैंकका तत्कालीन सहायक निर्देशक सागरमायालु जोशीलाई विशेष अदालत ऐन,2059 को दफा ७(क) बमोजिम वुझ्नु पर्ने देखिँदा विशेष सरकारी वकिल कार्यालय मार्फत झिकाईएकोमा निज उपस्थित नभएकोमा बकपत्रका लागि अदालतबाटै म्याद जारी गरि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पहलमा उपस्थित गराउने व्यवस्था मिलाई दिन भनी आयोगलाई पत्राचार गरी हाजिर हुन आए इजलास समक्ष पेश गर्नू।

41. **विशेष अदालत ऐन, 2059 को दफा 7(क) बमोजिम बुझिएका साक्षी सागर मायालु जोशीले गरेको बकपत्रः-** मैले मिति 2073/02/24 मा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल काठमाडौमा गरेको बयान बेहोरा र सहिछाप मेरो नै हो।

42. **मिति 2079/11/30 को अदातलको आदेश**

यसमा निम्नानुसार गरी पेश गर्नूः-

क.प्रतिवादी केदार गौतमको तर्फबाट मिति 2079/10/22 मा मुद्दा मूल्तवीमा राखी पाँउ भनि पेरको निवेदन इजलास समक्ष पेशी चढी पेश हुन आएको पाइएन भनि प्रतिवादीका कानून व्यवसायीले बहसको क्रममा जानकारी गराउनु भएको हुँदा उक्त निवेदन नियमानुसार पेश गर्नू।

ख.पुनरावेदक प्रतिवादी केदार गौतम विपक्षी वादी नेपाल सरकार भएको मा 074-RB-0544 को बैंकिङ्ग कसूर मुद्दामा सम्मानित सर्वोच्च अदालत बाट फैसलाको प्रमाणित प्रतिलिपि माग गरी आएपछि मिसिल साथै राखी पेश गर्नू।

43. **मिति 2079/12/09 मा यस अदालतबाट भएको आदेशः-**प्रस्तुत मुद्दामा मुलुकी फौजदारी कार्यविधि संहिता,2074 को दफा 97 बमोजिम मुद्दा मुल्तबी राखी पाँउ भनी निवेदकको यस

अदालतमा निवेदन परेकोले निवेदन पेश हुने बारे उक्त निवेदकको प्रतिलिपी सहित विशेष सरकारी वकिल कार्याललयलाई जानकारी गराई नियमानुसार पेश गर्नू।

44. **मिति 2079/12/16 मा यस अदालतबाट भएको आदेशः-** निवेदकले म उपर 2072 सालको 072-CB-0013 भएको बैंकिङ्ग कसूर मुद्दामा उच्च अदालत पाटनबाट मिति 2074/07/28 मा फैसला हँदा 5 वर्ष कैद र रु.32,94,80,704/87 जरिवाना हुनेगरी फैसला भएकोमा सर्वोच्च अदालबाट मिति 2079/07/22 मा शुरु सदर गरेको अवस्था हँदा एउटै कसूर र विषयवस्तुमा एक पटक भन्दा बढी मुद्दा चल्न नसक्ने हँदा प्रस्तुत मुद्दा दायर भएको सन्दर्भमा यस अदालत समेतलाई विपक्षी बनाई सर्वोच्च अदालतमा उत्प्रेषण परमादेश (079-CR-0528) समेत बेहोराको रिट निवेदन परि विचाराधिन रहेको छ। उक्त रिट निवेदनको निरुपण भैसकेपछि प्रस्तुत मुद्दा सुनुवाई हुनुपर्ने हुँदा उक्त रिट निवेदनको टुङ्गो नलागे सम्म प्रस्तुत मुद्दा मुल्तवी राखि पाउँ भनी नेवेदन माग दावी रहेको पाइयो। निवेदकले उठाएको विषयबस्तु मुद्दाको पूर्ण सुनुवाई हुँदाका वखत संवोधन हुने प्रकृतिको देखिँदा अहिले नै निवेदनका आधारमा प्रस्तुत मुद्दा मुल्तवीमा राख्न मिलेन कानून बमोजिम गर्नू।

45. **मिति 2079/12/28 मा यस अदालतबाट भएको आदेश**

यसमा देहाय बमोजिमको कार्य सम्पन्न गरी नियमानुसार पेश गर्नूः-

क.प्रस्तुत मुद्दामा न्याय निरोपण गर्नु पर्ने विषयमा केन्द्रित रही दोहोरो खतराको सिद्धान्त समेतको विवेचना गरि सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समावेश गरी वादी प्रतिवादीका कानून व्यवसायीबाट 25(पच्चीस) दिन भित्र लिखित बहसनोट माग गरी मिसिल सामेल राख्नू।

ख.वादी नेपाल सरकार प्रतिवादी केदारप्रसाद गौतम समेत भएको सर्वोच्च अदालतबाट फैसला भएको मुद्दा नं. 072-CB-0013 को बैंकिङ्ग कसूर सम्बन्धी मुद्दाको सक्कल मिसिल उच्च अदालत पाटनबाट झिकाउनू।

3.प्रतिवादीतर्फका कानून व्यवसायीले पेश गरेको कृषि विकास बैंङ्कको आ.व.071/72 को बार्षिक प्रतिवेदनको प्रतिलिपीको प्रकरण 17 मा उल्लेख भए बमोजिम जालसाजीबाट भएको नोक्सानी वापत वीमा कम्पनीबाट क्षतिपूर्ति प्राप्त भएको छ, छैन। कृषि विकास बैंक केन्द्रिय कार्यालयबाट शिघ्र जवाफ माग गरि आएपछि मिसिल साथ राखी पेश गर्नू भनी आदेश भई आदेशानूसारका कागज मिसिल सामेल रहेको।

46. **मिति 2080/04/16 मा यस अदालतबाट भएको आदेशः-** यसमा, यस अदालतबाट २०७९ /१२/२८ मा भएको आदेशको जवाफ दिनेक्रममा कृषि विकास बैंक लिमिटेड, रामशाहपथ कार्यालयको मिति २०८०/०१/१४ प.सं. ०७९/८०, च.नं. १५२ मा बैंकले विमा गरेको लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी बाट रू. ८,००,००,०००/- मात्र क्षतिपुर्ति दावी गरेकोमा कम्पनीले रू. ४,००,००,०००/- मात्र क्षतिपुर्ति दावी भुक्तानी दिने भनी निर्णय गरेको र सो निर्णय बैंकलाई चित्त नबुझी मिति २०७४/०२/२१ मा बिमा समितिमा उजुर गरेकोमा विमा समितिले पनि बिमा कम्पनीकै निर्णय सदर गरेको र सो निर्णय उपर समेत बैंकले उच्च अदालत पाटनमा पुनरावेदन गरेकोमा सो उपर मिति २०७५/०८/२३

मा निर्णय हुँदा रू. ७,९९,७५,०००/- मात्र कृषि विकास बैंकले लुम्बिनी जनरल इन्स्योरेन्सबाट भराई लिन पाउने ठहर्छ भनी फैसला भएको अवस्था छ भन्ने बेहोराका पत्र प्राप्त भएको देखिन्छ। सो सम्बन्धी फैसलाको प्रमाणित प्रतिलिपी सम्बन्धित बैंकबाट झिकाउनु र सर्वोच्च अदालतमा चलिरहेको ०७५-ci-००१३ मा प्रमाणकारुपमा रहेको पाटन उच्च अदालतबाट फैसला भएको ०७२-CB-००१३ बैंकिङ कसुरको मुद्दाको सक्कल मिसिल पेशीका दिन इजलास समक्ष देखाई फिर्ता लैजाने गरी झिकाई नियमानुसार पेश गर्नू।

कसुर ठहर खण्ड

47. विशेष अदालत नियमावली 2080 को नियम ४४ बमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालयका विद्वान उपन्यायाधिवक्ता श्री श्रीधर अर्यालले कृषि विकास बैंक र नेपाल राष्ट्रबैंकको छानविन प्रतिवेदनबाट प्रतिवादी केदारप्रसाद गौतमले बैंकको रु.33,93,00,000।- हिनामिना गरेको देखिएको छ, प्रतिवादी भरतबहादुर वानियाँले उक्त कसूर प्रति उदासिन रही सो कार्यमा मौन समर्थन गरेको देखिएकोले यी दुवै प्रतिवादी भ्रष्टाचार निवारण ऐन, 2059 को दफा १७ बमोजिमको कसुर पुष्टि भएको छ, प्रतिवादीहरु सम्झना पोख्रेल, जेनी श्रेष्ठ गौतम, सुमन भुजेल, सूर्यबहादुर लिम्बु, सन्दीप गुप्ताले उक्त कसूरबाट आर्जित रकमको व्यवस्थापन, लुकाउन, छिपाउनमा सहयोग गरेको देखिंदा सोही ऐनको दफा ८(४) को कसूरमा सजाय हुनु पर्ने देखिन्छ। प्रतिवादीहरु उपर बैंकिङ कसूरमा उच्च अदालत पाटनमा मुद्दा चली कसूर ठहर भएता पनि भ्रष्टाचार निवारण ऐन, 2059 को दफा ५९ को खण्ड (क) तथा सर्वोच्च अदालतबाट नि.नं. 8321, 9097 र 10585 मा प्रतिपादित सिद्धान्त समेतका आधारमा यस मुद्दामा दोहोरो खतराको सिद्धान्त आकर्षित नहुने भएकोले प्रतिवादीहरुलाई आरोपदावी बमोजिम सजाय गरिपाउँ भनी गर्नुभएको वहस समेत सुनियो।

48. प्रतिवादी केदारप्रसाद गौतमका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री केदारप्रसाद दाहाल, अधिवक्ता डा. श्री राजेन्द्र घिमिरेले प्रतिवादी केदार प्रसाद गौतम उपर उच्च अदालत पाटनबाट बैंकिङ कसूर ठहर भई सजाय समेत भइसकेको, एउटै मुद्दामा पटक पटक कारवाही गर्न मिल्दैन, उक्त बैंकिङ कसूर मुद्दा र प्रस्तुत हिनामिनाको मुद्दामा छानविन प्रतिवेदन नै मूल प्रमाणको रुपमा प्रयोग भएको छ, राज्यले पटकपटक विगो असुल उपर गर्न नसक्ने, एउटै वारदातमा फरक फरक मुद्दा चलाउन फरक फरक प्रमाण आवश्यक पर्ने, एउटै वारदातमा फरक फरक मुद्दा चल्दा स्वच्छ सुनुवाईको हक र दोहोरो खतराको सिद्धान्त उल्लंघन हुने भएको तथा सर्वोच्च अदालतबाट नि.नं. 8459 र 10812 मा प्रतिपादित सिद्धान्त समेतका आधारमा प्रस्तुत मुद्दा खारेज हुनुपर्छ भनी गर्नु भएको वहस समेत सुनियो।

49. प्रतिवादीहरु सम्झना पोख्रेल र सुमन भुजेलका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री मातृका निरौला, अधिवक्ताहरु टंकहरी दाहाल र सुष्मिता कोइरालाले प्रस्तुत मुद्दा र उच्च अदालत पाटनबाट ठहर भएको बैंकिङ कसूर मुद्दामा उही प्रमाण, उही साक्षी र उही तथ्य रहेकोले प्रस्तुत

मुद्दा संविधानको धारा २०(६) बमोजिम दोहोरो खतराको सिद्धान्त समेतका आधारमा खारेज हुनुपर्दछ। प्रतिवादी सम्झना पोखेलले प्रस्तुत वारदात प्रतिवादी केदार प्रसाद गौतम र राजिव भन्ने कृष्णहरी थापाले गरेको अवस्था हो, यी प्रतिवादी सम्झना पोखेलको खातामा हिनामिनाको रकम जम्मा भएको पुष्टि भएको छैन, प्रतिवादीले रकम व्यवस्थापानमा सहयोग गरेको छैन, उच्च अदालतबाट विगो भराउने ठहऱ्याई फैसला भइसकेकोले यस मुद्दाबाट विगो भराउन नमिल्ने, अर्को प्रतिवादी सुमन भुजेलले वारदात अघि नै गाडि खरिद गरेकोले हिनामिनाको रकम व्यवस्थापनमा सहयोग गरेको भन्न नमिल्ने, यी प्रतिवादीलाई बैंकिङ कसूर मुद्दामा सफाई भएको समेतका आधारमा प्रस्तुत मुद्दामा सफाई पाउनुपर्ने भनी गर्नु भएको वहस समेत सुनियो।

50. प्रतिवादी सन्दिप गुप्ताका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री कृष्ण प्रसाद सापकोटा र मिथिलेस कुमार सिंह तथा अधिवक्ता राम घिमिरे र सुशिल कुमार सापकोटाले प्रतिवादी सन्दिप गुप्ता सूनको गहनाको व्यापारी रहेको, प्रतिवादी केदार प्रसाद गौतमले रु.22 लाख बरावरको सून यी प्रतिवादीको पसलबाट किनेकोसम्म हो, सून बेच्नु आफैमा कसूर होइन, यी प्रतिवादीको कार्यमा भ्रष्टाचारको तत्व देखिने कुनै पनि प्रमाण छैन, प्रतिवादी केदार गौतमले यी प्रतिवादीलाई पोल गरेको छैन, प्रतिवादी केदार प्रसाद गौतमको बैंक खातामा केदार गौतमले नै दिएको रकम आफ्नो सहयोगी मार्फत जम्मा गरेको कार्य कसूर हुन सक्दैन, यी प्रतिवादी उपर भ्रष्टाचार निवारण ऐन, 2059 को दफा ८(४) आकर्षित नहुने भएकोले सफाई पाउनुपर्ने भनी गर्नु भएको वहस समेत सुनियो।

51. प्रतिवादी भरत बहादुर वानियाँका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री सतीसकृष्ण खरेल र अधिवक्ता श्री ज्योती वानियाँले प्रतिवादी भरत बहादुर वानियाँ उपर दैनिक कारोवार प्रमाणित गर्दा रेमिट्यान्स रकम अस्वाभाविक वृद्धि हुँदा पनि सो तर्फ पर्याप्त ध्यान नदिएको भनी दफा १७ बमोजिमको आरोपदावी गरेको देखिन्छ। रकम हिनामिनामा यी प्रतिवादीको संलग्नता रहेको दावी छैन, एकाले गरेको फौजदारी कसूरको दायित्व अर्कालाई थोपर्न मिल्दैन, दफा १७ को कसूरका लागि वदनियत वा लापवरवाही गरी हिनामिनाको कसूर गरेको देखिनुपर्छ, वदनियतको दावी नै छैन, लापरवाही पुष्टि हुन कार्यको Forsightness पुष्टि हुनुपर्नेमा वादीले सो दावी गर्न सकेको छैन, प्रतिवादी केदार प्रसाद गौतमले यी प्रतिवादी कसूरमा संलग्न छैनन भनी बयान गरेको, हिनामिनाको रकमबाट यी प्रतिवादीले प्रत्यक्ष वा अप्रत्यक्ष लाभ लिएको नदेखिएकोले सर्वोच्च अदालतबाट नि.नं. 10623 र 10539 मा प्रतिवादी सिद्धान्त समेतका आधारमा यी प्रतिवादीले सफाई पाउनु पर्छ भनी गर्नु भएको वहस समेत सुनियो।

52. प्रस्तुत मुद्दामा देहायका विषयहरुमा निर्णय दिनुपर्ने देखिन आयो।

- प्रस्तुत मुद्दाका प्रतिवादीहरुका सम्वन्धमा दोहोरो खतराको सिद्धान्त लागू हुने हो वा होइन **?**
- प्रस्तुत मुद्दामा कुन प्रतिवादीहरुको कसूरमा के कस्तो संलग्नता रहेको देखिन्छ **?**
- कसूरमा संलग्न प्रतिवादीहरुलाई के कस्तो सजाय हुनुपर्ने हो **?**

53. कृषि विकास बैङ्क लिमिटेड बैकिङ्ग कार्यालय, स्वयम्भूबाट केदार प्रसाद गौतम समेतले 2071 असोजदेखि 2072 असारसम्मको अवधिमा अनियमित एवं गैर कानूनी तबरबाट रु.३३,९३,००,०००।- (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) रकम निकाली बैङ्कलाई हानि नोक्सानी पुऱ्याएको सम्बन्धमा कृषि विकास बैंङ्कको छानविन प्रतिवेदनबाट शाखा अधिकृत केदार प्रसाद गौतमले उक्त रकम विभिन्न व्यक्तिको व्यक्तिगत खातामा जम्मा गरी अनियमित तरिकाले बैङ्कबाट बहिर्गमन गरी गराई अपचलन गरेको, सो अनियमित कार्यमा प्रबन्धक भरत बहादुर बानियाँले कार्यालय प्रमुखको हैसियतले गर्नुपर्ने भूमिका पूरा नगरेको हुँदा लेखापाल गीता पन्त समेतलाई विभागीय कारबाही गर्ने निर्णय गरेको मिसिल संलग्न कागजातहरुबाट खुल्न आएको छ।त्यसै गरी नेपाल राष्ट्र बैङ्क बैङ्क सुपरीवेक्षण विभागको प्रतिवेदनबाट अनधिकृत रुपमा बैङ्कको प्रकृया भन्दा बाहिर गई सो रकम विभिन्न व्यक्तिहरुको व्यक्तिगत खातामा जम्मा गरेको, कार्यालय समय अघि-पछि उक्त कारोबार हुने गरेको, कार्यालयबाट भएका कारोबारहरुको दैनिक रुपमा भिडान नभएको, रेमिट जारी नहुने सो बैङ्कको जलेश्वर लगायतका शाखा कार्यालयहरुबाट पठाइएको जस्तो देखिने गरी उक्त कार्यालयहरुको कोडहरु प्रयोग गरेको देखिएको, कार्यालय प्रबन्धकले बैङ्कको कारोबारको हिसाब अस्वभाविक रुपमा बृद्धि हुँदा त्यस तर्फ पर्याप्त ध्यान नदिएको भन्ने व्यहोरा उल्लेख भएको छ। उल्लिखित विवेचित आधार, कारण एवं प्रमाणबाट देहायका व्यक्तिहरुले देहाय बमोजिमको कसूर गरेको स-प्रमाण पुष्टि हुन आएको हुँदा देहाय बमोजिमको सजाय मागदावी लिइएको छः

(क)तत्कालीन शाखा अधिकृत प्रतिवादी केदार प्रसाद गौतमको हकमाः

i. कृषि विकास बैंक लिमिटेडको छानबिन प्रतिवेदन समेतका मिसिल प्रमाणबाट केदार प्रसाद गौतमले योजनाबद्ध ढङ्गबाट लेखापाल गीता पन्तको पासवर्ड चोरी गरी चलाखीपूर्ण तवरले कार्यालय समयदेखि बाहेकका समयमा समेत कार्यालयमा बसी CORE BANKING SYSTEM को दुरुपयोग गरी आफूहरुलाई गैरकानूनी लाभ पुऱ्याउने र बैंकलाई हानि नोक्सानी पुऱ्याउने कार्य गरेको, निज केदार प्रसाद गौतमले बदनियतपूर्वक रु.३३,९३,००,०००।- (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) हानि नोक्सानी पुऱ्याउने कार्यमा प्रत्यक्ष संलग्न भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा 17 बमोजिमको कसूर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी केदार प्रसाद गौतमलाई बिगो रु.३३,९३,००,०००।- (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) कायम गरी सोही ऐनको दफा 17 ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा 3 को उपदफा (1) र दफा 3 को उपदफा (1) को खण्ड (झ) बमोजिम सजाय गरी हानि नोक्सानी भएको विगो रु.३३,९३,००,०००।- (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) सोही ऐनको दफा 17 वमोजिम असुल उपर हुन

(ख) तत्कालीन शाखा प्रबन्धक प्रतिवादी भरत बहादुर बानियाँको हकमाः

निज राष्ट्रसेवक भरत बहादुर बानियाँले राष्ट्रसेवक कर्मचारीको हैसियतले गर्नुपर्ने कार्य नगरी रु.३३,९३,००,०००|- (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) हानि नोक्सानी पुऱ्याउने कार्यमा प्रत्यक्ष संलग्न भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा 17 बमोजिमको कसूर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी भरत बहादुर बानियाँलाई बिगो रु.३३,९३,००,०००|- (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) कायम गरी सोही ऐनको दफा 17 ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा 3 को उपदफा (1) र दफा 3 को उपदफा (1) को खण्ड (झ) बमोजिम सजाय गरी हानि नोक्सानी भएको विगो रु.३३,९३,००,०००|- (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) सोही ऐनको दफा 17 वमोजिम असुल उपर हुन

(ग) प्रतिवादी सम्झना पोखरेल गौतम, जेनी श्रेष्ठ गौतम, सुमन भुजेल, सन्दीप गुप्ता, वसन्त राई भन्ने सूर्य बहादुर लिम्बु, राजीव थापा भन्ने कृष्णहरि थापाको हकमाः निजले कृषि विकास बैङ्क लिमिटेड शाखा कार्यालय स्वयम्भूबाट बदनियतपूर्वक रु.३३,९३,००,०००|- (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) हिनामिना गरी नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याई आफूलाई गैर कानूनी लाभ पुऱ्याउने कार्यमा प्रत्यक्ष संलग्न रहेको हुँदा निज सम्झना पोखरेल गौतमलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा 8 को उपदफा (4) बमोजिमको कसूरमा हिनामिना गरेको रु.३३,९३,००,०००|- (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) बिगो कायम गरी सोही ऐनको दफा 8 को उपदफा (4) बमोजिम सजाय गरी हानि नोक्सानी भएको बिगो रु.३३,९३,००,०००|- (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) समेत असुल उपर हुन मागदावी लिईएको देखिन्छ।

54. प्रतिवादीहरुका तर्फबाट उपस्थित कानून व्यवसायीहरुले एउटै तथ्य र प्रमाणका आधारमा उच्च अदालत पाटनमा प्रतिवादीहरु बैंकिङ्ग कसूरमा कारवाही भइसकेकोले प्रस्तुत भ्रष्टाचार मुद्दामा प्रतिवादीहरुले दोहोरो खतराको सिद्धान्तको संरक्षण पाउनु पर्ने भनी बहस जिकिर गर्नु भयो। वादी नेपाल सरकारका तर्फबाट उपस्थित उप-न्यायाधिवक्ता श्रीधर अर्यालले भ्रष्टाचार निवारण ऐन, 205९ को दफा ५९ को देहाय (क) समेतका आधारमा दोहोरो खतराको सिद्धान्त आकर्षित हुन नसक्ने भनी बहस जिकिर गर्नु भयो। दोहोरो खतराको सिद्धान्त फौजदारी न्याय प्रणालीको आधारभूत सिद्धान्त रहेको अवस्था एकातिर छ भने दोहोरो खतराको सिद्धान्त अभियुक्तले हकको रुपमा संवैधानिक र कानूनी मान्यता प्राप्त गरेको र मानव अधिकारको रुपमा प्रत्याभूत विषय रहेको समेतका कारणले दोहोरो खतराको विधिशास्त्रको विवेचना गरी यसको अर्थ र प्रयोगको क्षेत्र र परिधि (applicability) को विवेचना गर्नु आवश्यक देखिन आयो।

55. दोहोरो खतराको सिद्दान्त फौजदारी न्यायको आधारभूत सिद्धान्त Foundational principle रहेको कुरा सर्वविदितै छ। नेपालको संविधानको धारा 20(6) मा प्रयुक्त "एकै कसुरमा एकपटक भन्दा

वढी" शब्दावली हेर्दा एकै कसुर के हो र एकपटक भन्दा वढी मुद्दा चलाइने भनेको के हो ? भन्ने सम्बन्धमा व्याख्याको आवश्यकता रहेको देखिन्छ:

- Common Law System अपनाएका संयुक्त अधिराज्य, संयुक्त राज्य अमेरिका, अष्ट्रेलिया क्यानडा र भारत तथा युरोपियन युनियन भित्र double jeopardy clause लाई न्यायिक पुर्पक्षका सिलसिलामा व्यक्तिको आधारभूत कार्यविधिगत हक (Procedural right) को रुपमा संवैधानिक वा कानूनी वा न्यायिक संरक्षण प्राप्त रहेको देखिन्छ।
- double jeopardy clause को संरक्षण प्राप्त गर्नका लागि अन्य कुराहरुका अतिरिक्त पहिलो मुद्दाको कारवाही अन्तिम भइसकेको अवस्थामा सोही कसूरमा (Same offence) पछिल्लो कारवाही चलाइएको तथा पछिल्लो कारवाही केवल पहिलो कारवाहीको पुनरावृत्ति रहेको (duplication) कुरा पुष्टि हुनुपर्छ।
- double jeopardy clause को केन्द्रिय तत्व (nucleas element) एकै कसूर (Same offence) रहेको पाइन्छ। "एकै कसूर" को अर्थ हरेक देशको न्यायिक अभ्यासमा परिमार्जित हुदै आएको पाइन्छ। यसको ठोस, सर्वस्वीकार्य अर्थ आउन नसकेको अवस्था रहेतापनि हरेक देशको न्यायिक अभ्यासमा विविध नजीरहरु विश्लेषण गरी संश्लेषित अर्थ पहिल्याएको पाइन्छ र सोही अर्थ आफ्ना मुलुक भित्र आधिकारिक सिद्धान्त (governing principle) को रुपमा अभ्यास गरिएको पाइन्छ।
- आधिकारिक सिद्धान्तहरुको रुप फरक तर सारमा एउटै रहेको पाइन्छ। एकै कसूर हो वा होइन भनी निर्क्यौल गर्ने विधिका रुपहरु "मुद्दाको तथ्य र कानूनी चरित्र एकै हुनुपर्ने (Same facts and legal characterization)(England) (२) Same elements test (USA) (३) Same elements test (Canada); (४) Essential elements test (Australia); (५) Same ingredients test(भारत) रहेको देखिन्छ। सारमा एकै कसूर हुनका लागि मुद्दाको तथ्यहरु एउटै वा सारभूत रुपमा समान देखिनुपर्ने र कानूनी चरित्र एउटै हुनुपर्ने हो भन्ने नै देखिन्छ। European Court of Human Rights ले अलि फरक अर्थ गरेको पाइन्छः Same conduct (*idem factum*) test, अर्थात मुद्दाको तथ्य (Statement of facts) एकै रहेमा सोही तथ्यका आधारमा नया मुद्दा सिर्जना गर्न मिल्दैन।
- इंगलैण्ड र अष्ट्रेलियामा Abuse of Process देखिएमा पनि पछिल्लो मुद्दाको कारवाही रोक्न मिल्ने स्वविवेकीय शक्ति (discretionary power)अदालतलाई रहेको पाइन्छ। पहिलो मुद्दामा दोषी ठहर भएको वा सफाई पाइसकेको अवस्थामा सोही कार्य वा तथ्यको आधारमा उठान भएको पछिल्लो मुद्दा रोक्न सकिन्छ।

56. नेपालको प्रसंगमा हेर्दा, नेपालको संविधानको धारा २० को उपधारा (६) मा "कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एकै कसूरमा एकपटक भन्दा वढी मुद्दा चलाइने र सजाय गरिने छैन।" भनी दोहोरो खतराको सिद्धान्तलाई मौलिक हकको रुपमा संरक्षण प्रदान गरेको पाइन्छ। नेपाल पक्ष रहेको ICCPR को article 14 को Sub-article (7) मा "No one shall be liable to be tried or punished again for an offence for which he has already been finally convicted or acquitted in accordance with the law and penal procedure of each country." व्यवस्था गरिएको छ। मुलुकी अपराध संहिता 2074 को दफा ९ मा "कुनै व्यक्ति विरुद्ध अदालतमा एकै कसूरमा एकपटक भन्दा बढी मुद्दा चलाइने र सजाय गरिने छैन।" भनी फौजदारी न्यायका सामान्य सिद्धान्तमा मान्यता प्रदान गरेको पाइन्छ। यसरी दोहोरो खतराको सिद्धान्त नेपालको फौजदारी न्याय प्रणालीमा आधारभूत सिद्धान्तको रुपमा रहेको पाइन्छ।

57. खासगरी दोहोरो खतराको सिद्धान्तको प्रयोगको परीधि (applicability) एउटा पोचिलो विषय (Contentious issue) को रुपमा रहिआएको पाइन्छ। नेपालको संविधानको धारा २०(६) मा र फौजदारी संहितामा प्रयुक्त "एकै कसूर" (Same offence) को अर्थ के हो? र एकै कसूर निक्यौंल गर्ने तत्वहरु के के हुन? कुन विधिको आधारमा एकै कसूर हो वा होइन? भनी निक्यौंल गर्नुपर्छ? जस्ता विषयमा गहन विवेचना गरिएको अवस्था देखिदैन। अघिल्लो मुद्दाको कसूर र पछिल्लो मुद्दाको कसूर एउटै (Same offence) हो भन्ने आधारमा दोहोरो सजाय हुन गएको हो वा होइन? भनी निक्यौंल गर्न मिल्छ।

58. इंगलैण्ड, संयुक्त राज्य अमेरिका, क्यानडा, अष्ट्रेलिया भारतका सर्वोच्च अदालतले double jeopardy clauseको व्याख्या गर्दा एकै कसूर (Same offence) को अवधारणालाई केन्द्रविन्दु मानी दोहोरो खतराको अवस्था निक्यौंल गरेको पाइन्छ। ICCPR art. 14(7) को प्रावधानमा पनि प्रयुक्त "for an offence for which he has already been finally committed or acquitted" वाक्यांशले सोही कसूरलाई नै केन्द्रविन्दु मानेको देखिँदा एकै कसूरको अर्थ "सोही कसूर जसमा सो व्यक्तिलाई पहिले नै सजाय वा सफाई" भएको भन्ने सीधा अर्थ लाग्छ । कुनै पनि कसूर हुनका लागि निज प्रतिवादीले गरेको कसूरजन्य कार्य (act or conduct) र कानूनी चरित्र (legal characterization) पर्दछन्। सारमा कानूनले निषेध नगरेको कार्य आफैमा कसूर हुदैन। कुनै पनि कार्य कसूर हुनका लागि कानूनले कसूरको रुपमा परिभाषित गर्न अनिवार्य देखिन्छ। त्यसकारण कसूर मानिनका लागि व्यक्तिको कार्य मात्र हेरिदैन, त्यस कार्यमा आकर्षित हुने कानून पनि अन्तरसम्बन्धित हुन्छ। संवैधानिक र कानूनी प्रावधानमा "एकै कार्य" (Same act) प्रयोग रहेको नभई "एकै कसूर" (same offence) प्रयुक्त रहेकोले एकै कसूर भन्नाले एकै कार्य र एकै कानून जनाउने कसूर भनी बुझ्नु मनासिव हुने देखिन्छ।

> "The word "offence" embraces both the facts which constitute the crime and the legal characteristics which make it an offence. For the doctrine to apply it must be the same offence both in fact and in law.It was more than that an offence may be substantially, rather than precisely, the same as another in its legal

characteristics. The court rejected that the plea of autrefois acquit must apply where an accused has been prosecuted on substantially for same facts.[1]

59. यसरी कसूरको अवधारणा हेर्दा, एउटै कार्यका विभिन्न कानूनी पक्ष हुन सक्ने कुरालाई इन्कार गर्न मिल्दैन। एउटै कार्य विभिन्न कानून अन्तर्गत फरक फरक कसूर हुने अवस्था देखिन सक्छ। यही अवधारणाको पृष्ठभूँमीमा "One conduct, Multiple offence" हुन सक्ने मान्यतालाई अंगिकार गरेको पाइन्छ। एउटै कार्यबाट दुईवटा कसूर हुने अवस्था देखिएमा दुवै कसूरमा कारवाही गरिने वा कुनै एक कसूरमा मात्र कारबाही गर्न मिल्ने हो वा एउटै कार्यबाट दुई कसूर हुने देखिएमा दोश्रो कसूरमा double jeopardy clause को प्रयोग गर्न मिल्ने हो वा होइन भन्ने सम्बन्धमा विभिन्न देशका अदालतले आ-आफ्नो मौलिक सुत्र प्रतिपादन गरेको पाइन्छ। अमेरिकनहरुले Same element test प्रतिपादन गरे भनि कनार्डियनहरुले यही विधि अवलम्बन गरेको पाइन्छ। इङ्गलैण्डमा "Same offence both in fact and law " हेरिनुपर्ने भनेको पाइन्छ भने भारतमा Same ingredients test प्रयोग भएको पाइन्छ। सारमा double jeopardy को प्रयोगको परिधि (applicability) के हो भने "पहिलो मुद्दाको कारवाही अन्तिम भइसकेको अवस्थामा पछिल्लो मुद्दाको तथ्य र कानून एउटै रहेछ भने एकै कसूर (Same offence) मान्नुपर्छ र दोहोरो खतराको सिद्धान्त प्रयोग हुन्छ" भने "समान तथ्यमा फरक कानूनको दावी रहेमा एकै कसूर हुन सक्दैन र यो सिद्धान्त आकर्षित हुन सक्दैन।" यही विधि हाम्रा हकमा प्रयोग हुनु नै न्यायोचित देखिन आउँछ।

60. भ्रष्टाचार निवारण ऐन, 2059 अन्तर्गत कसूर मानिने कुनै कार्य अन्य कानून बमोजिम समेत कसूर मानिने रहेछ भने दुवै कानून बमोजिम अलग अलग मुद्दा चलाउन सकिने गरी भ्रष्टाचार निवारण ऐन, 2059 को दफा ५९ को देहाय (क) ले व्यवस्था गरेको देखिन्छ। सरकारी ओहदा, सरकारी सम्पत्ति, तथा सार्वजनिक सेवाको दुरुपयोग गरी व्यक्तिगत लाभमा प्रयोग हुनबाट रोक्ने उद्देश्यले यस ऐनको जन्म भएको पाइन्छ। भ्रष्टाचारको विषय अन्य कसूरको विषयसँग दोहोरिन सक्ने (Overlapping) अवस्था रहेकोले अन्य कानून अन्तर्गत कारवाही भइसकेको भन्ने आधारमा मात्र भ्रष्टाचारको कसूर उपचार शुन्य नहोस भन्ने उद्देश्यले उक्त देहाय (क) को प्रावधान आएको देखिन्छ। भ्रष्टाचार निवारण ऐन अन्तर्गतको विधायिकी उद्देश्य प्राप्तिमा कार्यिधिगत अवरोध नहोस अर्थात दोहोरो खतराको सिद्धान्त बाधक नबनोस भन्ने यस प्रावधानको आधारभूत उद्देश्य रहेको देखिन्छ।

61. कानून व्याख्या सम्बन्धी ऐन, 2010 को दफा २५ अनुसार "दुई वा दुई भन्दा बढी ऐन मुताविक गरेमा वा नगरेमा कसूर मानिने काम रहेछ भने कसूरदारलाई ती मध्ये कुनै एक ऐन बमोजिम सजाय हुन्छ तर एकपटक सजाय पाइसकेपछि सो कसूरमा दोश्रो पटक सजायको भागी हुनेछैन। "यस प्रावधानले एउटै कार्यबाट दुई वा दुई भन्दा बढी ऐन अन्तर्गत कसूर हुन सक्ने अवस्थाको परिकल्पना गरेको पाइन्छ तर ती मध्ये कुनै एक ऐन बमोजिम सजाय हुने, दुवै कानून बमोजिम सजाय हुन नसक्ने गरि व्यक्तिलाई संरक्षण गरेको देखिन्छ। यस प्रावधानको मनसाय सजायमा

[1]Connelly v DPP[1964] AC 1254.

दोहोरो खतरा (double jeopardy in sentencing) नहोस भन्ने हो। सारमा एकै कार्यबाट दुई ऐन अन्तर्गत कसूर हुने रहेछ, दुवै ऐन बमोजिम कारबाही चलेको भएतापनि त्यसमध्ये कुनै एक ऐन बमोजिम सजाय मात्र हुने तर सोही कसूरमा दोश्रो पटक सजाय गर्न मिल्ने हुदैन। यो प्रावधान कानूनको व्याख्या सम्बन्धी प्रावधान रहेकोले सारवान कानूनको हैसियतमा राख्न मिल्दैन। भ्रष्टाचार निवारण ऐन, 2059 को दफा ५९ (क) लाई निष्प्रभावी तुल्याउने गरी यो नियम प्रयोग हुन सक्दैन।

62. यस सम्बन्धमा सर्वोच्च अदालतबाट सिद्दान्तहरु प्रतिपादन भएका छन "एउटै तथ्यबाट एक भन्दा बढी कसूर हुन सक्दछन्। यसरी समग्र तथ्य र सम्बद्ध कानूनी व्यवस्था र त्यसले प्रदान गर्ने उपचारको व्यवस्था समेतका आधारमा फरक फरक अवस्थालाई प्रतिनिधित्व गरेबाट भ्रष्टाचार मुद्दा र ठगी मुद्दालाई एउटै विषय मान्न नमिल्ने।कसैले कानूनद्वारा निषिद्ध आपराधिक कार्य गरेको अवस्थामा त्यस्तो कार्यलाई अलग-अलग कानूनले अलग-अलग अपराध मान्दछ भने त्यसलाई एउटै कसूर मानेर एउटा मात्र कानूनअन्तर्गत कारवाही गर्नुपर्ने भनी सीमित तुल्याउन नमिल्ने[2]। "दोहोरो खतराको सिद्धान्तले मूलतः एउटै व्यक्तिका विरूद्धमा उही कसुरमा पहिले नै कारवाही भई सजाय पाइसकेको वा सफाई पाइसकेको अवस्थामा उक्त कसुरमा दुईपटक मुद्दा चलाउन र सजाय गराउनलाई रोक्दछ। दोहोरो खतराको सिद्धान्त यस आधारमा पूर्व निर्णयसँग सम्बन्धित देखिन्छ। दोहोरो खतराको सिद्धान्त आकर्षित हुनका लागि मुख्यरूपमा सक्षम निकायबाट निर्णय भएको हुनुपर्ने, निर्णय अन्तिम भएको हुनुपर्ने र त्यस्तो निर्णय स्वच्छ सुनुवाई गरी अन्तिमसमेत भएको हुनुपर्ने।मुद्दाको समग्र तथ्यको विश्लेषण गर्दा कसैले कानूनद्वारा निषिद्ध आपराधिक कार्य गरेको अवस्थामा त्यस्तो कार्यलाई अलग/अलग कानूनले अलग/अलग अपराध मान्दछ भने त्यसलाई एउटै कसुर मानेर एउटा मात्र कानूनअन्तर्गत कारवाही गर्नुपर्ने भनी आपराधिक क्रियालाई सीमित तुल्याउन नमिल्ने।भ्रष्टाचार निवारण ऐन, २०५९ को कुनै पनि व्यक्ति विरूद्ध अदालतमा एकै कसुरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन भन्ने कुरा अर्थात् दोहोरो खतराको सिद्धान्त कुनै एक कसुरमा उही व्यक्तिउपर मुद्दा चलाई निर्णय भइसकेकोमा सोही कसुरको सम्बन्धमा पुनः कारवाही चलाउन रोक लगाउने सन्दर्भमा आकर्षित हुने हो । विवादको विषयमा एकै प्रतिवादीबाट भएको कार्यको लागि दुई छुट्टाछुट्टै ऐनअन्तर्गतको कसुरमा छुट्टाछुट्टै अनुसन्धान तहकिकात गरी मुद्दा चलाउन र अदालतबाट निर्णय गर्न यस सिद्धान्तले रोक लगाएको देखिँदैन। यसबाट एउटै क्रियाबाट अलगअलग ऐनअन्तर्गतमा कसुरसमेत भएमा अलगअलग मुद्दा चलाउन र सजाय गर्ने बाधा हुने अवस्था नदेखिने।[3] भनी नजीर प्रतिपादन भएको छ।

63. Harmonious Construction को नियम अनुसार उक्त तीनवटै प्रावधानहरु समान रुपमा प्रभावकारी हुने गरी एकै साथ राखी कानूनको सुसंगत व्याख्या गर्नु न्यायोचित हुने देखिन्छ।कानूनको व्याख्याको नियमहरु, *pari materia,* र harmonious construction र कानूनको व्याख्यामा बाह्य स्रोत लिन सकिने नियम समेतका आधारमा हेर्दा "व्यक्तिको कुनै कार्यबाट एकभन्दा बढी कानून अन्तर्गत

[2]महेश चापागाई विरुद्ध नेपाल सरकार, ने.का.प. २०६९, अङ्क ८ निर्णय नं. ८८७४

[3]नेपाल सरकार विरूद्ध नेत्रबहादुर लिम्बूसमेत, ने.का.प.२०७३ अंक: ७ निर्णय नं. ९६३०

फरक फरक कसूर हुने अवस्था रहेछ भने उक्त कार्यको कानूनी चरित्र बाहेक गरी एकै कार्य (Same offence) रहेको आधारमा मात्र एकै कसूर (Same offence) गरेको भन्न मिलेन। भ्रष्टाचारको कसूरको सन्दर्भमा एउटै कार्यबाट भ्रष्टाचारको कसूर र अन्य कानून अन्तर्गत कसूर मानिने कानूनी व्यवस्था प्रभावकारी हुनु नै कानूनसँगत हुने देखियो। समग्र कानूनी व्यवस्थाले एकै कार्यबाट फरक फरक कसूर हुन सक्ने र सोही बमोजिम फरक फरक मुद्दा चलाउन बाधा हुने देखिएन। भ्रष्टाचार निवारण ऐन, 2059 को दफा ५९ (क) लाई प्रभावहीन तुल्याउने गरी अवाञ्छित व्याख्या (absurd interpretation)गर्न मिल्ने देखिएन।कानूनको प्रावधानलाई मृत तुल्याउनु भन्दा प्रभावी बनाउनु श्रेष्ठ हुन्छ।[4] हाम्रो संवैधानिक र कानूनी प्रावधानमा एकै कसूरमा एकपटक भन्दा बढी सजाय गर्न नमिल्ने अवधारणा अंगिकार गरेको छ तथापी एउटै कार्यबाट उठान भएको फरक फरक कसूरमा अलग अलग एकपटक सम्म कारवाही गर्न मिल्ने अवधारणलाई रोकछेक गरेको पाइएन। यसै आधारमा प्रतिवादी तर्फबाट उपस्थित कानून व्यवसायीहरुले प्रतिवादीलाई दोहोरो खतराको प्रावधानको संरक्षण प्राप्त हुने भनी लिनु भएको जिकिर सित सहमत हुन सकिएन। प्रतिवादीहरु उपर भ्रष्टाचारको कसूरमा पनि मुद्दा चलाउन मिल्ने नै देखिन आयो।

64. अव कुन कुन प्रतिवादीहरुले प्रस्तुत वारदातमा के कस्तो संलग्नता छन भन्ने दोश्रो प्रश्नको सम्वन्धमा विचार गर्दा, प्रत्येक प्रतिवादीलाई लागेको छुट्टाछुट्टै आरोप दावी निजहरुको वयान सहप्रतिवादीहरुको पोल वयान तथा मिसिल संलग्न कागज प्रमाणहरुलाई अलग अलग प्रतिवादीको अलग अलग रुपमा हेर्नुपर्ने देखिन्छ।

65. प्रतिवादी केदार प्रसाद गौतम समेतले 2071 असोजदेखि 2072 असारसम्मको अवधिमा गैर कानूनी तबरबाट रु.३३,९३,००,०००।- रकम निकाली बैङ्कलाई हानि नोक्सानी पुर्‍याएको भन्ने बैकिङ्ग कसूर सम्बन्धी मुद्दामा ब्युरोबाट अनुसन्धान भई उच्च अदालत पाटनमा पेस भएको अभियोगपत्रमा प्रतिवादीहरुलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट समेत अनुसन्धान कारबाही हुनुपर्ने निर्णय भएबाट प्रस्तुत मुद्दामा अनुसन्धान शुरु भएको देखिन्छ।

66. मिति २०७१।०४।०१ देखि मिति २०७२।०३।१० सम्म बैकिङ्ग कार्यालय, स्वयम्भूबाट जम्मा रु.३३,९३,००,०००।- (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) विभिन्न व्यक्तिको व्यक्तिगत खातामा रकम जम्मा गरी अनियमित तरिकाबाट विभिन्न शाखामा केदार प्रसाद गौतमबाट खोली खोलाइएको खाताहरुमा रकम ट्रान्सफर गरी सो रकम अनियमित रुपले बैङ्कबाट बहिर्गमन गरी गराई अपचलन गरेको, अनियमित तरिकाबाट युजर आई. डि. र पासवर्ड प्रयोग गरी कारोबार भए गरेको भन्ने **कृषि विकास बैङ्क लिमिटेडको** छानविन प्रतिवेदन 2072 बाट देखिन्छ।

67. कृषि विकास बैङ्क लिमिटेड, शाखा कार्यालय स्वयम्भूको रेमिटेन्सको हिसाब गर्दा 207१ असोजदेखि 207२ असारसम्म रु.33,93,00,000।- अनधिकृत रुपमा बैङ्कको प्रकृयाभन्दा बाहिर गई विभिन्न व्यक्तिहरुको खातामा जम्मा गरेको र लेखापाल गीता पन्तको User ID र Password प्रयोग गरी कार्यालय समय अघि-पछि उक्त कारोबार हुने गरेको, कार्यालयबाट भएका कारोबारहरुको दैनिक

[4] "Construction *ut res magisvaleat quam pereat*.-it is better for a thing to have an effect than for it to become void".

रुपमा भिडान हुनुपर्नेमा नभएको, रेमिट जारी नहुने सो बैङ्कको जलेश्वर लगायतका शाखा कार्यालयहरुबाट पठाइएको जस्तो देखिने गरी उक्त कार्यालयहरुको कोडहरु प्रयोग गरेको देखिएको, शाखा प्रबन्धकले कार्यालयको सम्पूर्ण कारोबारलाई दैनिक रुपमा अध्ययन गरी प्रमाणित गर्नु पर्नेमा रेमिटान्स हिसाब अस्वभाविक रुपमा बृद्धि हुँदा पनि सोतर्फ पर्याप्त ध्यान दिएको नपाइएको भन्ने समेत व्यहोराको नेपाल राष्ट्र बैङ्क बैङ्क सुपरीवेक्षण विभागको मिति 2072।3।13 को छानविन प्रतिवेदनबाट देखिन्छ।

68. तेज बहादुर थापा भन्ने केदार प्रसाद गौतमलाई बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ६ र दफा १४ बमोजिमको कसूरमा निजलाई सोही ऐनको दफा १५ को उपदफा (२) बमोजिम ५ (पाँच) बर्ष कैद सजाय र बिगो रू.3२,९४,८०,७०४।८७ (बत्तिस करोड चौरानब्बे लाख असी हजार सात सय चार पैसा सतासी) कृषि विकास बैङ्कलाई दिलाई भराई दिने, शाखा प्रबन्धक भरत बहादुर बानियाँलाई निजले गरेको कसूरको मात्रा अनुसार सोही ऐनको दफा १५ (४) बमोजिम रु.१,००,०००।- (एक लाख रुपैया) जरिवाना १ (एक) महिना कैद सजाय हुने, लेखापाल गीता पन्तको हकमा निजले बैङ्कलाई हानि नोक्सानी र आफूलाई नाजायज लाभ लिने उद्देश्यका साथ खराब नियत राखेर काम कारबाही गरेको प्रमाणित नभएकोले विभागीय कार्बाहीसम्म गरी निजलाई कार्यालयमा यथावत रुपमा संलग्न गराइएको प्रमाण प्रस्तुत हुन आएकोले आरोपित कसूरको अभियोग दावीबाट सफाइ पाउने र राष्ट्रसेवक कर्मचारी बाहेक अन्य प्रतिवादीहरुमध्ये जेनी श्रेष्ठ गौतमलाई अभियोग दावीबाट सफाइ पाउने ठहरेको, सम्झना पोखरेल गौतमलाई 50 लाख रुपैयाँ जरिवाना र बाँकी कैद 10 महिना 9 दिन हुने ठहरेको, सुमन भुजेललाई सफाइ पाउने ठहरेको, वसन्त राई भन्ने सूर्य बहादुर लिम्बुलाई 2 बर्ष कैद र 30 लाख रुपैयाँ जरिवाना हुने ठहरेको, सन्दीप गुप्तालाई 15 दिन कैद सजाय र 25 हजार रुपैयाँ जरिवाना एवं रामकुमार कुम्हारलाई 15 दिन कैद सजाय र 25 हजार रुपैयाँ जरिवाना हुने उच्च अदालत पाटन, वाणिज्य इजलासबाट मिति 2074/07/28 को फैसला रहेको देखिन्छ।

69. प्रतिवादी केदारप्रसाद गौतमले अनुसन्धानको क्रममा कृषि विकास बैंङ्क शाखा कार्यालय स्वयम्भूका तत्कालीन शाखा अधिकृत प्रतिवादी केदार प्रसाद गौतमले राजीव थापा भन्ने कृष्णहरि थापाले खाता खोली खाता नम्बर दिएका थिए। उक्त खातावालाहरुको नाम छानविन प्रतिवेदनमा छ।निज राजीव थापा भन्ने कृष्णहरि थापासँग काम गर्नु भन्दा पहिला हाम्रो रकम बाँडफाँडको सल्लाह भएको थियो।उक्त सल्लाह बमोजिम 33% मलाई, 33% राजीव थापा स्वयंले राख्ने/लिने र बाँकी 33% खातावालाहरू लगायत अन्य खर्चमा प्रयोग गर्ने भन्ने थियो।साथै निजले नेपाल बस्दा कानूनी फन्दामा पर्ने हुँदा हामी दुबै जनाको भागको रकम भारत लगी उतै घरजम गर्ने भन्ने सल्लाह अनुरुप मलाई आवश्यक व्यवहार मिलाउने खर्च दिई सबै रकम निजले भारत लाने गर्थे तर काम गर्दा गर्दै घटना बाहिर आएको हुँदा खातावालाहरुलाई कति दिए, कति निजले खर्च गरे, उनैलाई थाहा छ। अनि मेरो भागमा पर्ने 33% रकम पनि लगेका थिए।उक्त सबै बाँकी रकम निज राजीव थापा भन्ने कृष्णहरि थापाकै जिम्मामा छ।हर-हिसाब गर्न नै पाइएन।मैले राजीव थापा भन्ने कृष्णहरि थापाको मिलोमतोमा उक्त रकम हिनामिना गरेको हुँ तर रकम यति नै हो भन्ने यकिन छैन।कुल Transfer

भएको रकम 33 करोड 93 लाख भन्ने कुरा आएको देखियो तर उक्त रकम मध्ये 99 लाख पचास हजार रकम फिर्ता भएको कुरा अवगत गराउन चाहन्छु। मलाई नेपालमा कर्जा तिर्न र आवश्यक खर्च गर्न पटक-पटक गरी जम्मा 1 करोड 75 लाख रुपैया निज राजीव थापाले दिएका थिए। उक्त रकम मध्ये प्रहरी अनुसन्धान व्युरोले 99 लाख 50 हजार बरामद गरिसकेको र बाँकी 75 लाख 50 हजार मैले व्यक्तिगत खर्च गरेको थिएँ। गीता पन्तको Input पासवर्ड मैले निज कार्य गर्दै-गर्दा नजिकै गई पछाडिबाट हेरेर नक्कल गरी लिएको थिएँ।Authorize पासवर्ड मेरो आफ्नै प्रयोग गरी मैले राजीवबाट प्राप्त खाताहरुमा Transfer गरी दिएको हुँ।मैले गीता पन्तको Password आफ्नो दैनिक कामको सिलसिलामा व्यस्त हुँदा Computer on गर्दा पछाडिबाट हेरी थाहा पाएको हो।उक्त कुरा गीता पन्तलाई थाहा हुने कुरै भएन।किनकि मलाई रकम Transfer गर्न एउटा Input id जरुरी भएकोले त्यसो गर्न बाध्य भए।गीतालाई उक्त विषयमा जानकारी छैन, थिएन भन्ने समेत व्यहोराको अख्तियार दुरुपयोग अनुसन्धान आयोग समक्ष अनुसन्धानको क्रममा बयान गरेको देखिन्छ।

70. प्रतिवादी केदारप्रसाद गौतमले अदालत समक्ष बयान गर्दा सहप्रतिवादी राजिव थापा भन्ने कृष्णहरी थापाले हामीहरुले आर्थिक उपार्जन गर्नका लागि मैले एउटा योजना ल्याएको छु। तपाई यसमा सहयोग गर्नु पर्यो भनी निजले विभिन्न ब्यक्तिहरुको खाता नं. रकम र गोप्य कोड (सो रकम इन्ट्री गर्नका लागि गोप्य कोर्ड हुन्छ जसको लागि कृषि विकास बैंक मुख्य कार्यालयको रेमिट शाखाले मात्र दिन सक्छ।) दिई निजले दिएको बैंक एकाउन्टहरुमा विभिन्न शाखाहरुबाट आएको रकम ट्रन्सफर सम्म गरि दिएको हुँ। उक्त रकम निकाल्ने काममा राजिब थापा भन्ने कृष्णहरि थापा लगायतका अन्य को को सहभागि भए र कति रकम निकाले मलाई यकिन छैन। मैले रेमिट ट्रान्सफर सम्म गरेको हो। यस काम गरे वापत विभन्न मितिमा (9 महिनाको अवधिमा) 1 करोड 75 लाख मलाई पटक पटक गरी निज कृष्णहरि थापाले दिएका थिए। यो घटना बाहिर आए पछि प्रहरी अनुसन्धानमा मेरो मातहतमा रहेका विभिन्न बैक खाताहरु र नगद गरी 99 लाख 50 हजार फिर्ता गरेँ र 75 लाख 50 हजार म बाट खर्च हुन गएको हो। यति रकम सम्मको म जिम्मा लिने र जवाफदेहि हुन सक्छु। आरोप दावीमा उल्लेख भएको विगो रु.33,93,00,000/- (तेत्तिस करोड तिरानब्बे लाख रुपैयाँ) मैले खाइ मासी अपचलन नगरेको हुँदा मैले माथि उल्लेख गरेको मैले खाए मासेको मात्र विगो कायम गरी पाउँ भन्ने समेत बेहोराको अदालत समक्ष बयान गरेको देखिन्छ।

71. प्रतिवादी भरत बहादुर बाँनियाले अदालत समक्ष बयान गर्दा बैंकबाट बहिर्गमन भएको रकम रु. 33,93,000।- (तेत्तीस करोड त्रियानब्बे लाख) मेरो कारणबाट हुँदै भएको होइन। उक्त रकम बैंकका शाखा अधिकृत केदारप्रसाद गौतमको युजर आइडी र लेखापाल गीता पन्तको युजर आइडीबाट कर्यालय समय भन्दा पछि गीता पन्तको युजर आइडी र पासवर्डबाट इनपुट भएको र केदारप्रसाद गौतमले अथोराइज्ड गरी व्यक्तिहरुको नक्कली खातामा जम्मा गराई तुरुन्त नै उक्त रकम पटकपटक गरी कृषि विकास बैंकको उपत्यकामा भएका अन्य शाखाहरुमा रहेको नक्कली खाताहरुबाट रकम झिकिएको हो। उक्त कुरा म मिति 2072/03/10 गते कार्यालयमा हाजिर हुँदा रु. 10,00,000।- अथराइज गर्न बाँकी रहेको मैले मेरो कम्प्युटरमा देखेर पत्ता लगाएँ। मैले तत्काल

सम्पूर्ण कर्मचारीहरुलाई मेरै कार्यकक्षमा बोलाएर यो रकम के भएको हो ? यसको सम्पूर्ण सपोटिङ्ग डकुमेन्ट के छ भनी खोजी गर्दा गीता पन्त र केदारप्रसाद गौतमले इन्ट्री गरेको अरु पनि रकम फेला परेपछि म स्वयम् कृषि विकास बैंकको कार्यकारी अधिकृत कहाँ गई जानकारी गराएको हो। त्यसपछि केन्द्रिय प्रहरी अनुसन्धान बिउरोमा गई लिखित उजुरी दिएको हो। यी सम्पूर्ण कार्य केदारप्रसाद गौतमले कार्यालय समयपछि पदको दुरुपयोग गरी गरेको हो भन्ने कुरा बैंकमा जडित सिसिटिभि फुटेजबाट पनि प्रमाणित भइसकेको हुँदा आरोपपत्रमा माग गरेबमोजिम मलाई कुनै सजायँ हुने पनि होइन्। विगो रकम पनि मैले तिर्नुपर्ने होइन भन्ने समेत बेहोराको अदालत समक्ष बयान गरेको देखिन्छ।

72. प्रतिवादी सुमन भुजेलले मैले सम्झना पोखरेलबाट किनेको जग्गा सम्झना पोखरेलको हजुरबुबाबाट बुबा र बुबाबाट 2 जना छोरीको नाममा परित भई फेरी 2 जना छोरीहरु मध्ये सम्झना पोखरेलको नाममा पारित भई आएको जग्गा मैले सम्झना पोखरेलको नामबाट खरिद गरि लिएको हो। त्यसैले उक्त जग्गा सम्झना पोखरेलले अन्य तवरबाट प्राप्त गरेको नभई निजको हजुरबुबा तथा बुबाट प्राप्त भएको हुँदा भ्रष्टाचार गरी खरिद गरेको भन्ने आरोप झुट्टा हो। मैले सम्झनासँग खरिद गरेको गाडी 2068 सालमा युनिभर्सल डेभलोपमेन्ट फाइनान्सबाट फाइनान्स गरी किनेको हो। उक्त जग्गा सम्झना पोखरेलको पैतृक सम्पत्तिबाट प्राप्त गरेको र गाडी 2068 सालमा नै खरिद गरेको हुँदा निज केदारप्रसादले भ्रष्टाचार गरेको रकमबाट खरिद गरेको भन्ने कुरा झुट्टा हो। यसै विषय र बारदातमा मलाई समेत प्रतिवादी बनाई उच्च अदालत पाटनमा बैंकिङ कसूर सम्बन्धी मुद्दा चलेकोमा उक्त मुद्दामा म निर्दोष ठहर भइ फैसला भएको छ। त्यसैले यो आरोपमा मेरो संलग्नता नरहेको हुँदा प्रस्तुत आरोप दावीबाट फुर्सद पाउनु पर्ने हो भन्ने समेत बेहोराको अदालत समक्ष बयान गरेको देखिन्छ।

73. प्रतिवादी सन्दिप गुप्ताले मैले प्रतिवादी केदारप्रसाद गौतमलाई सुन बेचेको र केहि सुन फिर्ता किनेको सम्म हुँ। त्यस बाहेक निज प्रतवादीसंग मेरो कुनै पनि व्यवहार तथा लेनदेन भएको छैन्। निज प्रतिवादीसमेतले गरेको बैङ्कको रकम अनियमिततामा मेरो कुनै पनि प्रकारको संलग्नता छैन्। म उपर उक्त अभियोग दावी लिने कुनै आधार र प्रमाण समेत नरहेको र खाली सुन कारोबार गरेकै भरमा अभियोग लगाउने कार्य भएको छ। अत म प्रस्तुत मुद्दामा निर्दोष भएको हुँदा अभियोग दावीकाट सफाई दिलाई पाउँ भन्ने समेत बेहोराको अदालत समक्ष बयान गरेको देखिन्छ।

74. प्रतिवादी सम्झना पोखरेल गौतमले मेरो श्रीमानले बैंकबाट अनियमित रकम निकालेको भनेका समयमा मैले कुनै पनि बैंकमा कुनै खाता खोल्ने, कसैलाई कर्जा दिने र कसैबाट लिने कार्य गरेको छैन। मैले श्रीमानले अनियमितता गरेको रकमबाट आफ्नो नाममा कुनै घर जग्गा किनेको छैन र रकम लुकाएको प्रयोग गरेको पनि छैन। जग्गा बेचेको भन्ने आरोपमा मेरो माईतीको बुबाले मिति 2071/01/30 गते आफ्नो अंशबाट पाएको जग्गा मलाई दाईजो स्वरुप दिनु भएको जग्गा मैले बेचेको हो। बैंकका रकम अनियमिततामा मेरो कुनै पनि संलग्नता छैन। जसले उक्त रकम अनियमितता गरेका हुन् उक्त रकम निजहरुबाटै असूलउपर हुनुपर्ने हो। म उपर उक्त अभियोग दावी लिने कुनै

आधार र प्रमाण नरहेको र मैले बुबाले दिएको दाइजो स्वरुप प्राप्त गरेको जग्गा बेचेको हो भन्ने समेत बेहोराको अदालत समक्ष बयान गरेको देखिन्छ।

75. कृषि विकास बैंङ्क शाखा कार्यालय स्वयम्भूका तत्कालीन लेखापाल गीता पन्तले घटना मिति 2072/3/8 गते मेरो USER मा Pending रु.10,00,000।- देखिन्छ भनी शाखा अधिकृत शशी दाहालले मलाई तिमीले फण्ड ट्रान्स्फर CFT सम्बन्धी के काम गरेको थियो भनी सोध्नु भयो।सो कार्य मैले गरेको छैन भनी शाखा प्रबन्धकलाई लिखित र मौखिक जानकारी गराएपछि प्रबन्धक भरत बहादुर बानियाँ र प्रदिप मिश्र कहाँ गई कार्यकारी प्रमुखलाई जानकारी गराएपछि छानविन समिति गठन भई सो समितिको प्रतिवेदनमा गीता पन्तको पासवर्ड केदार प्रसाद गौतमले नै प्रयोग गरेको भनी उल्लेख छ भन्ने समेत व्यहोराको वकपत्र गरेको देखिन्छ।

76. केदार गौतम समेतका प्रतिवदीउपर भ्रष्ट्राचार निवारण ऐन, 2059 को दफा 17 बमोजिमको कसूर गरेको आरोप दावी रहेकोले यस दफाको प्रयोजनीयता (applicability), सिमा (limit) र क्षेत्र (scope) को बिबेचना गर्न आबस्यक देखिन्छ। हक नपुग्नेले लिनेखाने नियतले सरकारी सम्पत्ति लिएमा चोरीको कानून बमोजिम कारवाही गरिने हो तर सम्पत्तिको संरक्षण र सदुपयोग गर्ने जिम्बेवारीमा रहेका राष्ट्रसेवकले नै सम्पत्ति नास्ने मास्ने कार्य गरेमा के कुन कानुन बमोजिम कारवाही गरिने हो? सरकारी सम्पत्तिको संरक्षण र सदुपयोगको जिम्मेवारीमा रहेका राष्ट्रसेवकलाई कानूनको दायरामा ल्याउन भ्रष्टाचार निवारण ऐन, 2059 को दफा 17 ल्याइएको देखिन्छ। यस दफाको प्रयोजनीयता (applicability) र यस अन्तर्गतको कसूर पुष्टि हुन आवश्यक तत्वहरु (continent element) बुझ्न आवश्यक देखिन्छ।

77. हिनामिना भनेको सामान्यतः आफूलाई विश्वासपुर्वक सुम्पेको वा आफ्नो जिम्मेवारीमा रहेको सम्पत्तिको जालसाजीपुर्वक दुरुपयोग गर्ने वा नास्ने मास्ने कार्य भन्ने वुझिन्छ। विभिन्न किसिमले सम्पत्तिको दुरुपयोग हुन सक्छ, जस्तैः सरकारी सम्पत्ति नीजि रुपमा प्रयोग गर्ने वा नास्ने मास्ने, सरकारी सम्पत्ति आफ्नो वा अरु कसैको नाममा जालसाजीपुर्वक हक हस्तान्तरण गर्ने, भोग परिबर्तन गर्ने वा विक्रि बितरण गर्ने इत्यादी। सरकारी सम्पत्तिको बेइमानी वा जालसाजी पूर्वक अनाहक ब्यक्तिको नाममा रुपान्तरण नै (fraudulent conversion of property) हिनामिनाको कसुरको सार हो। संयुक्त राज्य अमेरिकाको सर्वोच्च अदालतले Moore V. United states (1895) को मुद्दामा हिनामिनाको परिभाषा यस प्रकार गरेको पाइन्छःः "कुनै सम्पत्तिको निष्ठा वा जिम्मेवारीको ओहदामा रहेका व्यक्तिले सो सम्पत्तिको जालसाजीपुर्वक दुरुपयोग गरेमा हिनामिनाको कसूर गरेको मानिन्छ। चोरी भन्दा हिनामिना यस मानेमा फरक छ कि यसमा सम्पत्तिको जिम्मेवारी कानून बमोजिम वा धनीको सहमतिमा प्राप्त रहेको अवस्थाको विद्यमानता रहन्छ भने चोरीमा कसूरजन्य मनसायले सम्पत्ति लिनेखाने अवस्था रहन्छ।"

78. United Nations Convention Against Corruption को article 17 मा हिनामिनाको अन्तरवस्तु समेटिएको पाइन्छ:

> "Each State Party shall adopt such legislative and other measures as may be necessary to establish as criminal offences, when committed intentionally, the

embezzlement, misappropriation or other diversion by a public official for his or her benefit or for the benefit of another person or entity, of any property, public or private funds or securities or any other thing of value entrusted to the public official by virtue of his or her position."

79. Legislative Guide for the Implementation of UNCAC 2012 अनुसार हिनामिनाको कसूर पुष्टि हुन निम्न संघटक तत्वहरु को विद्‍यमानता देखिनुपर्छः[5]

- हिनामिनाको कसुर राष्ट्रसेवकले गरेको देखिनुपर्छ।
- राष्ट्रसेवकले आफ्नो नीजि लाभ वा अन्य कुनै व्याक्ति वा संस्थाको लाभको वदनियतले काम गरेको पुष्टि हुनुपर्छ।
- ओहदाको कारणले राष्ट्रसेवकमा सरकारी सम्पत्तिको जिम्मेवारी आएको देखिनुपर्छ।
- महासन्धीको प्रयोजनका लागि सम्पत्ति भन्नाले भौतिक वा अभौतिक चल वा अचल, मूर्त अमूर्त लगायतका कुनै पनि सम्पत्ति हुन सक्छ। हकभोग पुष्टि गर्ने लिखत पनि सम्पत्ति नै हो।
- मुल्यवान वस्तु (items of value) भन्नाले कुनै पनि सार्वजनिक वा नीजि वस्तु वा संरक्षण समेत वुझाउँछ।

80. अमेरिकी Criminal Resource Manual अनुसार अमेरिकी अपराध संहिताको दफा 777(१)(A) अन्तर्गत हिनामिनाको कसूर पुष्टि हुन निम्न खास तत्वहरुको विद्‍यमानता पुष्टि हुनुपर्छः[6]

---

[5] Legislative guide for the implementation of the United Nations Convention against Corruption Second revised edition 2012:

(**d) Embezzlement, misappropriation or other diversion of property by a public official**

214. Article 17 of the Convention against Corruption requires the establishment of the offence of embezzlement, misappropriation or other diversion of property by a public official.
215. States parties must establish as criminal offences, when committed intentionally, the embezzlement, misappropriation or other diversion by a public official for his or her benefit or for the benefit of another person or entity, of any property, public or private funds or securities or any other thing of value entrusted to the public official by virtue of his or her position.
216. The required elements of the offence are the embezzlement, misappropriation or other diversion26 by public officials of items of value entrusted to them by virtue of their position. The offence must cover instances where these acts are for the benefit of the public officials or another person or entity.
217. The items of value include any property, public or private funds or securities or any other thing of value. This article does not "require the prosecution of de minimis offences" (A/58/422/Add.1, para. 29).
218. It is recalled that, for the purposes of the Convention against Corruption, "property" means "assets of every kind, whether corporeal or incorporeal, movable or immovable, tangible or intangible, and legal documents or instruments evidencing title to or interest in such assets" (art. 2, subpara. (d)).
219. Attention should also be paid to some other sections of the present guide (concerning articles 26-30, article 42 and, in particular, article 57) regarding requirements that are closely related to offences established in accordance with the Convention.

[6] CRIMINAL RESOURCE MANUAL, CRM 1500-1999: There are six elements to the crime of embezzlement, as defined in 18 U.S.C. § 641. These are: (1) a trust or fiduciary relationship between the defendant and the property owner; (2) the property taken falls within the statute; i.e., it must be government property (3) the property came into the possession or care of the defendant by virtue of his employment; (4) the property belonged to another, in this case the United States; (5) the defendant's dealings with the property constituted a fraudulent conversion or appropriation of it to his own use; and (6) the defendant acted with the intent to deprive the owner of the use of this property.

- प्रतिवादी र स्थानीय सरकार वा सरकार वीच निष्ठा वा न्यायको सम्बन्ध (trust or fiduciary relationship) को विद्‌यमानता।
- सम्पत्ति ओहदाको कारणले प्रतिवादीको संरक्षण वा जिम्मेवारीमा आएको अवस्था।
- सम्पत्तिको जालसाजयुक्त रुपान्तरण वा नीजि प्रयोगमा लिएको अवस्था (fraudulent conversion or appropriation)
- सम्पत्तिको स्वामीको हक टुटाउने वदनियतको विद्‌यमानता।

81. न्यासको सम्बन्धमा भनेको कुनै व्याक्तिले अर्कै व्याक्तिउपर विश्वास गरी सम्पत्ति सुम्पेको र अर्को व्याक्तिले उसको हितमा काम गर्ने पारस्पारिक सम्बन्ध (jural relationship) बुझिन्छ। ओहदाको कारणले सरकार र राष्ट्रसेवकवीच न्यासको सम्बन्ध स्थापित हुन्छ। ओहदाको दुरुपयोग गरी कसैले सम्पत्ति आर्जन गर्दछ भने सो सम्पत्ति उपर सरकारको हक रहन्छ र अनुचितरुपमा धन आर्जन गर्ने व्यक्तिको त्यस्तो सम्पत्ति फिर्ता गर्ने दायित्व रहन्छ।

82. उपरोक्त हिनामिनाको अवधारणा समेत सन्दर्भमा राखी विचार गर्दा भ्रष्टाचार निवारण ऐन, 2059 को दफा 17 अन्तर्गत कसूर पुष्टि हुन निम्न बमोजिमका संघटक तत्वहरुको विद्‌यमानता देखिनुपर्छः

- सरकारी सम्पत्तिको हिनामिनाको कसूर राष्ट्रसेवकले गरेको देखिनुपर्छ।(Public Official)
- हिनामिनाको कसूर हुनका लागि नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्ति देखिनुपर्छ। सरकारी कोषको रकम, राजस्वको रकम, सरकारी जग्गा जमिन, वैंक ग्यारेन्टी, स्थानीय सरकारको ढुंगा गिट्टि वालुवा जस्ता भौतिक सम्पत्ति वा सो को उपयोगका लागि करार बमोजिम प्राप्त रोयल्टि, कर आदि।(public property)
- सम्पत्ति वास्तविक हुनुपर्छ, काल्पनिक वा अपेक्षाकृत सम्पत्ति होइन। वास्तविक रुपमा सरकारको नाममा आएको सम्पत्ति हुनुपर्छ। सरकारको हकभोगमा आएको सम्पत्ति हुनुपर्छ। सरकारको हकभोगमा नआएको, वा सरकालाई प्राप्त हुने अनुमान गरिएका सम्पत्ति (anticipatory) लाई वास्तविक सम्पत्ति मान्न मिल्दैन।
- राष्ट्रसेवकले ओहदाको कर्तव्य स्वरुप सरकारी सम्पत्तिको जिम्मेवारी प्राप्त गरेको देखिनुपर्छ। ओहदाको जिम्मेवारीमा नरहेका सम्पत्तिमा हिनामिनाको कानून आकर्षित हुन सक्दैन। (fiduciary relationship)
- राष्ट्रसेवकले ओहदाको दुरुपयोग गरी जालसाजीपुर्वक सरकारी सम्पत्ति नासेमासेको, नीजि प्रयोगमा लगाएको वा अन्य व्यक्तिलाई हक हस्तान्तरण गरेको वा दुरुपयोग गरेको अवस्था देखिनुपर्छ। (fraudulent Conversion of public property)
- राष्ट्रसेवकले आफूलाई वा अरु कसैलाई गैरकानूनी लाभ लिनेदिने वदनियत (*mala fide* intention) ले उक्त कार्य गरेको देखिनुपर्छ।

- लापरवाहीको कारणले पनि हिनामिनाको कसूर ठहर्न सक्छ तर सोको लागि ओहदाको कर्तव्यप्रति गम्भिर लापरावही गरी सम्पत्ति हानिनोक्सी भएको देखिनुपर्छ। कानुनी त्रुटिको आधारमा मात्र कसूर पुष्टि हुन सक्दैन।

83. भ्रष्टाचार निवारण ऐन,2059 को दफा 17 मा "नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्ति" शष्दावली प्रयोग भएको पाइन्छ तर यसको विषय-सूची दिइएको छैन। सम्पत्तिको क्षेत्र व्यापक छ र हानिनोक्सानी अनेक किसिमले हुनसक्छ। यसरी दफा 17 को क्षेत्र असिमित हुने देखिदा यसको प्रयोगमा सावधानी अपनाउन न्यायोचित हुने देखिन्छ। यस दफा 17 को प्रयोग गर्दा यसै ऐनको अन्य दफाहरुको प्रयोजन संकुचित गर्न मिल्दैन। दफा 17 को विषयवस्तु सामान्यतः दफा 8(१) को देहाय खण्ड (ङ) (ज) (ञ), दफा 8(१)(३) को विषय वस्तुसंग खप्टिएको (Overlapping) देखिन्छ।[7] दफा 8(१) को विषयवस्तु स्पष्ट नै रहेकोले यस दफा निष्प्रभावी हुने गरी दफा 17 को प्रयोग गर्न मिल्दैन।कानून व्याख्याको संगतिको नियम (rule of harmonicons contrition) अनुसार दफा 8(१)(३) को विषयवस्तु संग नखप्टिने गरी दफा 17 को प्रयोजनियता (applicability) निश्चित गर्नुपर्छ। दफा 17 को कसूरमा दफा 3 बमोजिम सजाय हुने भएकाले सजायको मात्रा दफा 8 भन्दा वढी हुने भएकाले Rule of lenity अनुसार केही सहुलियत दिनु न्यायोचित हुन्छ। यसरी दफा 17 अन्तर्गत नेपाल सरकारको वा सार्वजनिक संस्थाको सम्पत्तिको विषयवस्तु निर्धारण गर्दा दफा 8 को प्रावधानको अन्तरवस्तुसंग संगतिपुर्ण हुने गरी निश्चित गर्नु न्यायोचित हुने देखिन्छ।

84. माथि उल्लेखित कृषि विकास बैंक लिमिटेडको छानविन प्रतिवेदन र नेपाल राष्ट्रबैंक सुपरीवेक्षण विभागको छानविन प्रतिवेदनबाट प्रतिवादी केदार प्रसाद गौतमले विभिन्न व्यक्तिको खातामा रेमिट रकम भनी रकम ट्रान्सफर गरी अनियमित रुपले बैंकबाट वहिर्गमन गरी गराई कृषि विकास बैंकको रु.33,93,00,000।- अपचलन गरेको देखिन्छ र सो कुरामा प्रतिवादी केदार प्रसाद गौतम अदालत समक्ष सावित नै रहेको देखिन्छ। प्रमाण ऐन, 203१, को दफा ९(१), 18 र 20 बमोजिम प्रतिवादीको साविति बयान, छानविन प्रतिवेदन प्रमाणमा ग्रहण गर्नुपर्ने देखियो। यसरी प्रतिवादी केदार प्रसाद गौतमले कृषि विकास बैंक लिमिटेडको Core Banking System को दुरुपयोग गरी आफू समेतलाई गैरकानूनी लाभ पुऱ्याउने र बैंकलाई हानि पुऱ्याउने वदनियतले बैंकको रु.33,93,00,000।- हानि नोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, 2059 को दफा १७ बमोजिमको कसूर गरेको देखियो।

85. प्रतिवादी राजिव थापा भन्ने कृष्णहरी थापाको हकमा विचार गर्दा, निज प्रतिवादी अदालत समक्ष उपस्थित भई आफू विरुद्वको आरोपको प्रतिवाद गरेको देखिएन। प्रतिवादी केदार प्रसाद गौतमले आफू कसूरमा सावित रही सह-प्रतिवादी कृष्णहरी थापालाई पोल गरेको देखिन्छ। निजको पोल बयान अनुसार बैंकको रकम अपचलनको मुख्य योजनाकार प्रतिवादी कृष्णहरी थापा रहेको, निजले नै

[7] (ङ) झुठ्ठा विल भरपाई भुक्तानी लिने दिने खण्ड (ज) सरकारी वा सार्वजनिक संस्थाहरुको सम्पत्ति गैर कानूनी रुपमा आफ्नो वा अरुको नाममा दर्ता भोग चलन गर्ने गराउने खण्ड (ञ) मालसामान खरिद गर्दा गुणस्तरहिन म्याद नाघेको र अस्वभाविक रुपमा वढी मुल्य तिरी खरिद गर्ने गराउने। 8(१)(३) कुनै राष्ट्रसेवकले उपदफा (१) र (२) मा लेखिएदेखि बाहेक अन्य कुनै काम गरी सरकारी वा सार्वजनिक सम्पत्ति बदनियतपूर्वक कुनै किसिमले हानि नोक्सानी गरे वा गराएमा कसुरको मात्रा अनुसार दुई वर्षसम्म कैद वा बिगो बमोजिम जरिबाना वा दुवै सजाय हुनेछ ।

विभिन्न व्यक्तिहरुको खाता नं. र रेमिट इन्ट्री गर्ने गोप्य कोड उपलब्ध गराएको, केदार प्रसाद गौतमले सोही खाता नं. हरुमा अनियमित तवरले रकम ट्रान्सफर गरेको कृष्णहरी थापाले उक्त रकम झिकी, झिक्न लगाई सो रकम बाँडफाँड गरेको भन्ने देखिन्छ। वसन्त राई भन्ने सूर्यबहादुर लिम्बुले अनुसन्धानको क्रममा वसन्त राईको नाममा आफ्नो खाता खोलिएको, चेक बुक निजै राजीव थापाले नै राख्ने गरेको र रकम निकाल्न लगाएको र रकम राजीव थापाले नै राख्ने गरेको र आफूलाई रु. सात लाख दिएको, हिनामिना गर्ने कार्यमा राजीव थापा नै संलग्न रहेको भनी गरेको पोल बयान समेतबाट प्रतिवादी केदार प्रसाद गौतमको बयान समर्थित भएको देखिन्छ। बैकको रकम वसन्त राईको खातामा प्रतिवादी केदार प्रसाद गौतमले ट्रान्फर गरेको नै देखिन्छ। यसरी कृषि विकास बैंकको रकम हिनामिना गर्ने कसूरमा प्रतिवादी राजीव थापा संलग्न रहेको र सो रकमबाट गैरकानूनी लाभ लिने मुख्य व्यक्ति नै रहेको देखिंदा प्रतिवादी राजीव थापा भन्ने कृष्णहरी थापाले भ्रष्टाचार निवारण ऐन, 2059 को दफा १७ बमोजिमको कसूरमा मतियारको भूमिका गरी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिमको कसूर गरेको देखियो।

86. प्रतिवादी भरतबहादुर वानियाँको हकमा विचार गर्दा, नेपाल राष्ट्रबैंकको छानविन प्रतिवेदन तथा कृषि विकास बैंकको प्रतिक्रियामा कार्यालय प्रबन्धकले कार्यालयको सम्पूर्ण कारोवारलाई देखाउने हिसाब दैनिक रुपमा अध्ययन गरी प्रमाणित गर्नुपर्नेमा बैंक व्यवस्था अनुसार रेमिट्यान्स हिसाब अस्वाभाविक रुपमा वृद्धि हुँदा पनि सो तर्फ पर्याप्त ध्यान नदिएको भनी उल्लेख गरेको देखिएबाट रु.33,93,00,000।– अपचलन गरी अनियमित गर्ने कार्यमा निजले कार्यालय प्रमुखको हैसियतले गर्नुपर्ने भूमिका निर्वाह नगरेको समेतका कारणले प्रतिवादी केदार प्रसाद गौतमले रकम झिक्न सफल भएको तथा अन्य कर्मचारीसँगको मिलेमतोमा उक्त रकम हिनामिना गरी आफूलाई गैरकानूनी रुपमा फाइदा र नेपाल सरकारलाई प्रत्यक्ष रुपमा हानि नोक्सानी पुऱ्याएको आरोपदावी गरेको पाइन्छ।

87. फौजदारी कसूर नितान्त वैयक्तिक हुन्छ, कसूरको दायित्व कर्ताले मात्र लिनुपर्छ, एकाको कसूरको दायित्व अर्काले लिनुपर्छ भन्ने विधिशास्त्रीय मान्यता होइन। कृषि विकास बैंकबाट रु.33,93,00,000।– अनियमित तवरले वहिर्गमन गर्ने गराउने कार्यमा प्रतिवादी केदार प्रसाद गौतमको मात्र संलग्नता रहेको भन्ने छानविन प्रतिवेदनबाट देखिएको र सोही प्रतिवेदनका आधारमा प्रस्तुत मुद्दा दायर भएको देखिन्छ। रकम वहिर्गमन गर्ने गराउने कार्यमा यी प्रतिवादी भरतबहादुर वानियाँको संलग्नता रहेको वादी दावी समेत नरहेकोले त्यसतर्फ विचार गरिरहन परेन। यी प्रतिवादी उपर मूलतः बैकिङ कारोवारको दैनिक हिसाब प्रमाणित गर्ने शाखा प्रबन्धकले बैंकको दैनिक हिसाब अस्वाभाविक रुपमा वृद्धि हुँदा पनि सो तर्फ ध्यान नदिएकोले यी प्रतिवादी समेतको मिलेमतोमा उक्त कसूर हुन गएको वादी दावी रहेको देखियो।

88. सो सम्बन्धमा विचार गर्दा गीता पन्तको Input पासर्वड चोरी गरी प्रतिवादी केदार प्रसाद गौतमले रकम ट्रान्सफर गरेको भनी गीता पन्तले शाखा प्रबन्धक भरतबहादुर वानियाँलाई जानकारी गराएपछि प्रतिवादी भरतबहादुर वानियाँले केन्द्रीय प्रहरी अनुसन्धान व्यूरोमा उजुरी दिएको भन्ने देखिन्छ। हिनामिनाको कार्यबाट यी प्रतिवादीले गैरकानूनी लाभ लिएको भन्ने वादी दावी छैन। सह-प्रतिवादी

केदार प्रसाद गौतमले यी प्रतिवादीलाई पोल गरेको अवस्था पनि देखिएन। मिसिल संलग्न परिस्थितिजन्य प्रमाणले पनि प्रतिवादीको वदनियत रहेको पुष्टि हुन सकेन। रेमिट्यान्स हिसाब अस्भाविक रुपमा वृद्धि हुँदा पनि सो तर्फ ध्यान नदिएको भन्ने छानविन प्रतिवेदनले देखाएकोमा प्रतिवादीले आफ्नो कर्तव्यप्रति लापरवाही गरेका हुन वा होइन भन्ने नै विचारणीय रहेको देखियो। पर्याप्त ध्यान नपुग्नु (inadvertance) र लापरवाहीलाई समान अर्थमा बुझ्न मिल्दैन। लापरवाही स्थापित हुनका लागि (१) a legal duty to exercise due care (उचित हेरचाह गर्ने कर्तव्य) (२) Breach of the duty (कर्तव्यको उल्लंघन) र (३) consequential damage (परिणामतः पुग्न गएको क्षति) स्थापित हुनुपर्छ। कर्तव्यको उल्लंघन हेरचाहको स्तर (Standard of case) सँग सापेक्षित सम्बन्ध राख्दछ। दृष्कृतिको कानूनमा कर्तव्यको उल्लंघन भन्नाले औसत हेरचाहको स्तरको उल्लंघन भन्ने बुझिन्छ। " Negligence is the failure to behave with the level care that a reasonable person world have exercised under the same circumstances" छानविन प्रतिवेदनमा प्रतिवादीले पर्याप्त ध्यान नदिएको भन्नेसम्म उल्लेख गरेको पाइन्छ, प्रतिवादीले आफ्नो कर्तव्यमा लापरवाही गरेको भनेको देखिएन। प्रतिवादीले ध्यान नदिएकोले भ्रष्टाचार निवारण ऐन, 2059 को दफा १७ बमोजिमको कसूर गरेको वादी दावी रहेता पनि लापरवाही देखिने प्रमाणहरु पेस हुन सकेको देखिएन। प्रतिवादी केदार प्रसाद गौतमले बैंकको खाताहरुमा ट्रान्सफर गरेको कुरा यी प्रतिवादीको जानकारीमा थियो भन्ने दावी वादीले लिन सकेको देखिएन। छानविन प्रतिवेदनले यी प्रतिवादीको ध्यान नपुगेको भन्ने सम्म उल्लेख गरेको तर यसरी अनियमित तवरले बैंकको रकम ट्रान्सफर भएको जानकारी यी प्रतिवादीमा रहेको वा थाहा पाउनुपर्ने पर्याप्त आधार र कारण रहेको दावी गर्न सकेको छैन। तसर्थ, पर्याप्त ध्यान नदिएको भन्ने आधारमा मात्र यी प्रतिवादीले कर्तव्यप्रति लापरवाही गरेको वादी दावी पुष्टि हुन सकेन।

89. यी प्रतिवादी पनि कसूरमा सहभागी भएका रहेछन भनी पुष्टि हुनका लागि सर्वप्रथम यी प्रतिवादीले अन्य प्रतिवादीहरुसँग बदनियतपूर्वक मिलेमतो गरेको पुष्टि हुनुपर्छ अर्थात प्रतिवादीको मनसाय पुष्टि हुनुपर्छ। बैंकको रकम हिनामिना गर्नमा यी प्रतिवादी समेतको मिलेमतो रहेको थियो वा थिएन भन्ने सम्बन्धमा हेर्दा, मिलेमतोलाई भ्रष्टाचारको सामुहिक कसूरको एउटा तत्वको रुपमा लिन सकिन्छ। नेपाली बृहद शब्दकोशमा मिलेमतोको अर्थ "गुप्त कुराको परामर्श, षडयन्त्र" को रुपमा गरिएको पाइन्छ। यस अर्थमा मिलेमतोको अर्थ "आपराधिक षडयन्त्र" सँग समानार्थी रहेको देखिन्छ। मिलेमतोको अर्थ भ्रष्टाचारको विश्वब्यापी अवधारणामा प्रचलित "Collusion" को अर्थसँग पनि नजिक रहेको पाइन्छ। Black's Law Dictionary का अनुसार Collusion is a deceitful agreement or compact between two or more persons, for the one party to bring an action against the other for some evil purpose as to defraud a third party of this right." मिलोमतो भनेको बेइमानीका उद्देश्यले कुनै अनुचित कार्य गर्नु वा गर्नुपर्ने कार्य नगर्नु भन्ने हो। American Legal System मा Collusion आफैमा कसूर हो । सार्वजनिक खरिदको विषयमा Price fixing, Bid rigging वा Cartelling लाई Collusion मानेको पाइन्छ। मिलेमतोलाई आपराधिक पडयन्त्रको रुपमा अर्थ गरिएको पाइन्छ । मिलोमतो पुष्टि हुनका लागि निम्न तत्वहरुको विद्यमानता आवश्यक पर्छः

- दुई वा दुई भन्दा बढी व्यक्तिहरुबीच कुनै अनुचित कार्य गर्ने सहमति (meeting of mind)
- आपसी सहमतिमा गरेको त्रुटीपूर्ण कार्य (Error of law)
- सो कार्यबाट अनुचित लाभ लिने बदनियत (*malafide* intention)

90. कार्यालयको कर्तव्य र जिम्मेवारी बहन गर्नु प्रत्येक राष्ट्रसेवकका लागि आज्ञात्मक हुन्छ। राष्ट्रसेवकबीच कार्यगत सम्बन्ध (Working relation) हुनु अस्वाभाविक होइन, ओहदाको कर्तब्य पालनाका लागि रहेको कार्यगत सम्बन्धलाई अनुचित कार्य गर्ने सहमति भन्न मिल्दैन, यी प्रतिवादीको अन्य प्रतिवादीहरुसँग अनुचित कार्य गर्ने सहमति, त्रुटिपूर्ण कार्य र वदनियत समेत पुष्टि हुन नसकी बैंक रकम हिनामिना गर्नमा यी प्रतिवादीको अन्य प्रतिवादीसँग मिलेमतो रहेको पुष्टि हुन सकेन। बादी दावी मूलतः आफ्नो कार्यालयको कर्मचारीको कसूरको दायित्व यी प्रतिवादीमा पनि सर्छ भन्ने सिद्धान्तमा आधारित रहेको देखिन्छ। वादी दावी खासगरी *Respondeat superior* doctrine सँग नजिक देखिन्छ। कर्मचारीको गल्तीको जिम्मेवारी रोजगारदाताले लिनुपर्छ (*Respondeat superior*) भन्ने सिद्धान्त दुष्कृतिमा आकर्षित हुन्छ, फौजदारी कसूरमा आकर्षित हुँदैन।

91. भ्रष्टाचारको कसूरमा बदनियतको व्याख्या गर्दा वस्तुगत रुपमा तथ्यपरक परिस्थितिको आधारमा गर्नुपर्छ भन्ने स्थापित मान्यता हो। असली नियत कार्यमा देखिन्छ, बोलीमा होइन (Actions show their true intentions, not the words) भन्ने हाम्रो सामाजिक मूल्य र मान्यता पनि हो। तथापी प्रतिवादीहरुको कार्य गर्ने तौर तरिका अस्वाभाविक एवं कानून विपरित रहेको देखिएन, अनुचित लाभको लोभमा परी कार्य गरेको पनि देखिएन। यी प्रतिवादीले हिनामिनाबाट अनुचित लाभ लिए खाएको वादी दावी पनि छैन। त्यसतर्फ अनुसन्धान भएको पनि देखिएन। तसर्थ, प्रतिवादीहरुलाई मुलुकी अपराध संहिता 2074 को दफा 8 को संरक्षण प्राप्त हुने देखियो।यसरी प्रतिवादी भरतबहादुर वानियाँले बैंकको रकम हिनामिना गर्ने कार्यमा अन्य प्रतिवादीसँग मिलेमतो गरी आफ्नो पदीय जिम्मेवारी प्रति लापरवाही गरेको वा वदनियत राखी कामप्रति उदासिन रहेको भन्ने पुष्टि हुन नसकी प्रतिवादीले आरोपित कसूरबाट सफाई पाउने देखियो।

92. प्रतिवादी वसन्त राई भन्ने सूर्य बहादुर लिम्बुले कृषि विकास बैंक पुतलीसडकमा वसन्त राईको नामबाट खाता खोलेको, सोही खातामा प्रतिवादी केदार प्रसाद गौतमले कृषि विकास बैंकको रकम ट्रान्सफर गरेको, सो रकम प्रतिवादी वसन्त राईले चेक काटी रकम झिकेको र सोही रकम प्रतिवादीहरुले आपसमा बाँडफाँड गरी आफूले ७ लाख लिएकोमा सावित रहेको देखिंदा यी प्रतिवादीले प्रतिवादी केदार प्रसाद गौतम र राजीव थापा भन्ने कृष्णहरी थापालाई रकम हिनामिना गर्ने कार्यमा सहयोग गरी भ्रष्टाचार निवारण ऐन, 2059 को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा २२ बमोजिमको मतियारको कसूर गरेको देखियो। यी प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, 2059 को दफा ८ को उपदफा (४) बमोजिमको कसूर गरेको भन्ने वादी दावी रहेकोमा यी प्रतिवादीले नेपाल सरकार वा सार्वजनिक संस्थाको कुनै सम्झौता गरेको नदेखिएको र सम्झौताको शर्त उल्लंघन गरेको वादी दावी पनि नरहेकोले प्रतिवादीको हकमा दफा ८(४) आकर्षित हुन सक्दैन।

93. प्रतिवादी सम्झना पोखे्रलले प्रतिवादी केदार प्रसाद गौतमले हिनामिना गरेको रकमबाट आफ्नो कर्जा तिरेको देखिन्छ। हिनामिनाको रकम बैंक खाता खोली जम्मा गरेको समेत देखिएकोले यी प्रतिवादीले केदार प्रसाद गौतमले हिनामिना गरेको रकम लुकाउन, छिपाउन वा रुपान्तरण गरी सहयोगीको भूमिका गरेको देखिंदा भ्रष्टाचार निवारण ऐन, 2059 को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा २२ बमोजिमको मतियारको कसूर गरेको देखियो। यी प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, 2059 को दफा ८ को उपदफा (४) बमोजिमको कसूर गरेको भन्ने वादी दावी रहेकोमा यी प्रतिवादीले नेपाल सरकार वा सार्वजनिक संस्थाको कुनै सम्झौता गरेको नदेखिएको र सम्झौताको शर्त उल्लंघन गरेको वादी दावी पनि नरहेकोले प्रतिवादीको हकमा दफा ८(४) आकर्षित हुन सक्दैन।

94. प्रतिवादी सन्दीप गुप्ताले प्रतिवादी केदार प्रसाद गौतमले हिनामिना गरेको रकम बैंकमा जम्मा गर्न सहयोग गरेको र सो रकम भारतमा पठाउन सहयोग गरेको देखिन्छ। तसर्थ यी प्रतिवादीले प्रतिवादी केदार प्रसाद गौतमलाई हिनामिनाको रकम लुकाउन, छिपाउन वा रुपान्तरण गर्न सहयोग गरेको देखिंदा भ्रष्टाचार निवारण ऐन, 2059 को दफा १७ बमोजिमको कसूरमा सोही दफा २२ बमोजिमको मतियारको कसूर गरेको देखियो। यी प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, 2059 को दफा ८ को उपदफा (४) बमोजिमको कसूर गरेको भन्ने वादी दावी रहेकोमा यी प्रतिवादीले नेपाल सरकार वा सार्वजनिक संस्थाको कुनै सम्झौता गरेको नदेखिएको र सम्झौताको शर्त उल्लंघन गरेको वादी दावी पनि नरहेकोले प्रतिवादीको हकमा दफा ८(४) आकर्षित हुन सक्दैन।

95. प्रतिवादी सुमन भुजेलले प्रतिवादी सम्झना पोखे्रलबाट गाडी तथा जग्गा खरिद गरेकोमा प्रतिवादी केदार प्रसाद गौतमले हिनामिना गरेको रकमबाट सम्झना पोखे्रलले खरिद गरेको गाडी रहेको कुरा यी प्रतिवादीको जानकारीमा रहेको कुरा वादीले पुष्टि गर्न सकेको देखिएन। यी प्रतिवादीले प्रतिवादी केदार प्रसाद गौतमलाई बैंकको रकम रुपान्तरणमा सहयोग गरेको भन्ने पर्याप्त आधार प्रमाणको अभावमा यी प्रतिवादी उपरको वादी दावी पुग्न सक्ने देखिएन।

96. प्रतिवादी जेनी श्रेष्ठले प्रतिवादी केदार प्रसाद गौतमले हिनामिना गरेको रकम लिए खाएको, वा सो रकम लुकाउन, छिपाउन वा रुपान्तरण गर्नमा सहयोग गरेको प्रमाणको अभावमा यी प्रतिवादी आरोपित कसूरबाट सफाई पाउने देखियो।

97. तसर्थ, मिसिल संलग्न कृषि विकास बैंकको छानविन प्रतिवेदन 2072, नेपाल राष्ट्र बैंकको 2072।3।13 को छानविन प्रतिवेदन, प्रतिवादी तेजबहादुर थापा भन्ने केदारप्रसाद गौतमले मौकामा तथा अदालतमा गरेको साविति वयान तथा अन्य प्रतिवादीहरुका वयान, साक्षी नेपाल सरकारका साक्षीहरुको बकपत्र समेतका आधारमा वदनियतपूर्वक रु.33,93,00,000।- (अक्षेरुपी तेत्तिस करोड त्रियानब्बे लाख रुपैया) कृषि विकास बैंकलाई हानि नोक्सानी पुर्‍याई प्रतिवादी केदारप्रसाद गौतमले भ्रष्टाचार निवारण ऐन, 2059 को दफा १७ बमोजिमको कसूर गरेको देखिंदा सोही दफा १७ र दफा ३(१)(झ) बमोजिम प्रतिवादी केदार प्रसाद गौतमलाई सजाय हुने कसुर गरेको ठहर्छ।

98. प्रतिवादी राजिव थापा भन्ने कृष्णहरी थापाले कृषि विकास बैंक शाखा कार्यालय स्वयंभुबाट वदनियतपूर्वक उल्लिखित रकम हानि नोक्सानी पुर्‍याउन योजना समेत बनाई मुख्य प्रतिवादीलाई

सहयोग गरेको देखिंदा निजलाई भ्रष्टाचार निवारण ऐन, 2059 को दफा २२ को प्रतिवन्धात्मक वाक्याशं बमोजिम मुख्य प्रतिवादी सरह सजाय हुने कसुर गरेको ठहर्छ।

99. प्रतिवादीहरु सम्झना पोखरेल गौतम, वसन्त राई भन्ने सूर्यबहादुर लिम्बु र सन्दीप गुप्ताले मुख्य प्रतिवादीलाई कसुर गर्न रकम व्यवस्थापन गर्न सहयोग गरेको देखिँदा निजहरुले भ्रष्टाचार निवारण ऐन, 2059 को दफा २२ बमोजिम मतियारको कसूर गरेको ठहर्छ।कसुर ठहर भएका प्रतिवादीहरुलाई तीन वर्ष भन्दा वढी कैद सजाय हुन सक्ने देखिँदा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, 2074 को दफा ८ र ९ को प्रयोजनार्थ छुट्टै सुनुवाईका लागि मिति 2080।8।14 को पेशी तोकी वादी प्रतिवादीका कानून व्यवसायीबाट मिति 2080।8।13 भित्र सजाय पूर्वको प्रतिवेदन पेश गर्न लगाई नियमानुसार गर्नु।

100. प्रतिवादी मध्येका भरतबहादुर बानियाँ, जेनी श्रेष्ठ गौतम र सुमन भुजेल उपरको आरोपदावी वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन नसकेकोले निजहरुले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ भन्ने मिति 2080।8।5 को कसुर ठहर आदेश।

101. कसुर ठहर भएका प्रतिवादीहरुलाई अधिकतम सजाय गरिपाउँ भन्ने समेत ब्यहोराको विशेष सरकारी वकिल कार्यालयका उपन्यायाधिवक्ता श्री श्रीधर अर्याल तथ प्रतिवादी तेजबहादुर थापा भन्ने केदार प्रसाद गौतम तर्फवाट वरिष्ठ अधिवक्ता केदारप्रसाद दाहाल, प्रतिवादी सन्दिप गुप्ताको तर्फवाट अधिवक्ता शुसिल कुमार शर्मा सापकोटा र प्रतिवादी सम्झना पोख्रेल गौतमको तर्फवाट वरिष्ठ अधिवक्ता मात्रिका प्रसाद निरौला प्रतिवादीहरुलाई न्युनतम सजाय हुनुपर्ने भन्ने समेत ब्यहोराका छुट्टा छुट्टै सजायपूर्वका प्रतिवेदनहरु मिसिल सामेल रहेको।

सजाय निर्धारण खण्ड

102. यसमा प्रतिवादी केदारप्रसाद गौतमले रु. 33,93,00,000/- (अक्षरेपि तेत्तिस करोड त्रियानब्बे लाख रुपैयाँ मात्र) हिनामिना गरी भ्रष्टाचार निवारण ऐन, 2059 को दफा 17 र दफा ३(१)(झ)) बमोजिम कसुर गरेको ठहर भइसकेकोले फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, 2074 को दफा 8 र 9 को प्रयोजनार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, 2074 को दफा 13, 14 र 15 को कानुनी व्यवस्था, मुलुकी अपराध संहिताको दफा 38 र 39 को व्यवस्था र सर्वोच्च अदालतबाट जारी सजाय निर्धारण सम्बन्धी मार्गदर्शन 2075 समेतलाई दृष्टिगत गरी वादी नेपाल सरकार र प्रतिवादी केदारप्रसाद गौतमका तर्फबाट पेश भएको सजायपूर्वको प्रतिवेदन अध्ययन गरी कानुन व्यवसायीहरुको बहस सुनी विचार गर्दा कसुरको गम्भीरता र कसुरदारको दोषको मात्रा अनुसार सजाय समानुपातिक भन्दा बढी हुन नहुने गरी कायम भएको बिगोको आधारमा प्रतिवादी केदारप्रसाद गौतमलाई भ्रष्टाचार निवारण ऐन, 2059 को दफा 17 बमोजिमको कसुरमा सोही ऐनको दफा 3(१)(झ) बमोजिम ८ बर्ष कैद हुने ठहर्छ। प्रतिवादीलाई बैंकिङ कसुर तथा सजाय ऐन, 2064 को दफा 6 र दफा 14 बमोजिमको कसुरमा बिगो बमोजिम रु.33,93,39,872।71 जरिवाना भई बिगो भराउने ठहर गरी सर्वोच्च अदालतबाट समेत फैसला

भईसकेकोले सर्वोच्च अदालतबाट ने.का.प. 2069, हंक ८ नि.नं. 8874 मा प्रतिपादित सिद्धान्त समेतका आधारमा न्यायको रोहमा जरिवाना र बिगो भराइरहन परेन। प्रतिवादी राजिव थापा भन्ने कृष्णहरि थापाले भ्रष्टाचार निवारण ऐन, 2059 को दफा 22 को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य प्रतिवादी सरह कसुर गरेको ठहर भएकोले प्रतिवादीलाई मुख्य प्रतिवादी सरह 8 बर्ष कैद हुने ठहर्छ। प्रतिवादीहरु सम्झना पोखे्रल, बसन्त राई भन्ने सूर्यबाहदुर लिम्बु र सन्दीप गुप्ताले भ्रष्टाचार निवारण ऐन, 2059 को दफा 22 बमोजिमको कसुर गरेको ठहर भएकोले प्रतिवादीहरु उपर भ्रष्टाचार निवारण ऐन, 2059 को दफा 8(4)को आरोपदावी रहेकोमा दावीको कसुरमा 8(4) को प्रावधान आकर्षित हुन नसक्ने भई प्रतिवादीहरुको कसुरमा संलग्नताको आधारमा मतियारको कसुर ठहरेको अवस्था हुँदा मागदावी भन्दा बढी सजाय गर्न न्यायोचित नहुने भई न्यायको रोहमा प्रतिवादीहरु सम्झना पोखे्रल, बसन्त राई भन्ने सूर्यबहादुर लिम्बु र सन्दिप गुप्तालाई जनही १ (एक) महिना कैद हुने र जरिवाना र बिगो भराउन नपर्ने ठहर्छ।

तपसिल-खण्ड

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादीहरु भरतबहादुर बानियाँ, जेनी श्रेष्ठ गौतम र सुमन भुजेलले आरोपदावीबाट सफाई पाउने ठहरेकोले निजहरुको हकमा केहि गरीरहनु परेन...........................**1**

माथि ठहर खण्डमा लेखिए बमोजिम **प्रतिवादी तेजबहादुर थापा भन्ने केदारप्रसाद गौतमलाई** भ्रष्टाचार निवारण ऐन, 2059 को दफा 17 बमोजिमको कसुरमा सोही ऐनको दफा 3(१)(झ) बमोजिम ८ बर्ष कैद हुने ठहरी फैसला भएकोले निजलाई लागेको कैदको हकमा निज उच्च अदालत पाटनको मिति 2074/07/28 को 072-CB-0013 को बैंकिङ कसुर मुद्दामा भएको फैसला बमोजिम निज मिति 2072/3/28 देखि हालसम्म कारागार कार्यालय, डिल्लीबजार काठमाडौंमा थुनामा रहेको देखिएको र यस मुद्दामा समेत धरौटी राख्न नसकी थुनामै रहेको देखिँदा यस मुद्दाको हकमा 8 वर्ष कैदको लगत कसी कैद म्याद ठेकी पठाउनु भनी सम्बन्धित जिल्ला अदालतमा लेखी पठाउनू **2**

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी राजिव थापा भन्ने कृष्णहरि थापालाई 8 बर्ष कैद हुने ठहरी फैसला भएकोले निजलाई लागेको कैदको हकमा निज वेरुजु हुँदा कैदको लगत कसी असुल गर्नु भनी सम्बन्धित जिल्ला अदालतमा लेखी पठाउनू..3

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी सम्झना पोखे्रललाई १(एक) महिना कैद हुने ठहरी फैसला भएकोले निजलाई लागेको कैदको हकमा निज वेरुजु हुँदा कैदको लगत कसी असुल गर्नु भनी सम्बन्धित जिल्ला अदालतमा लेखी पठाउनू...4

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी बसन्त राई भन्ने सूर्यबहादुर लिम्बुलाई १(एक) महिना कैद हुने ठहरी फैसला भएकोले निजलाई लागेको कैदको हकमा निज वेरुजु हुँदा कैदको लगत कसी असुल गर्नु भनी सम्बन्धित जिल्ला अदालतमा लेखी पठाउनू..5

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी सन्दिप गुप्तालाई १(एक) महिना कैद हुने ठहरी फैसला भएकोले निजलाई लागेको कैदको हकमा निज वेरुजु हुँदा कैदको लगत कसी असुल गर्नु भनी सम्बन्धित जिल्ला अदालतमा लेखी पठाउनू..6

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी **सन्दिप गुप्ताले** यस अदालतबाट माग भएको धरौट रकम र.नं. 772 बाट मिति 2076/11/12 मा **रु.25,000।- (पच्चिसहजार रुपैयाँ)** धरौटी राखी मुद्दा पुर्पक्ष गरी आएको देखिँदा मुद्दा अन्तिम भई निजलाई लागेको कैद सजाय भुक्तान भैसकेपछि धरौटी रकम फिर्ता पाउँ भनी निवेदन दिए नियमानुसार फिर्ता दिनू 7

प्रतिवादीहरु बसन्त राई भन्ने सूर्यबहादुर लिम्वु र राजिव थापा भन्ने कृष्णहरी थापाले शुरु म्याद गुजारी बसेको देखिँदा निजहरुलाई पुनरावेदनको म्याद दिनु परेन फैसलाको जानकारी सम्म दिनू................8

यो फैसलामा चित्त नबुझे ३५(पैंतीस) दिनभित्र श्री सर्वोच्च अदालत, काठमाडौंमा पुनरावेदन गर्नु भनी प्रतिवादीहरु तेजबहादुर थापा भन्ने केदारप्रसाद गौतम, सम्झना पोख्रेल र सन्दिप गुप्तालाई विशेष अदालत ऐन, २०५९ को दफा १७ बमोजिम पुनरावेदनको म्याद दिनू...9 विशेष अदालत ऐन, २०५९ को दफा १७ बमोजिम वादी नेपाल सरकारको हकमा विशेष सरकारी वकिल कार्यालय, काठमाडौं मार्फत अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई यो फैसलाको प्रतिलिपि सहित पुनरावेदनको म्याद पठाउनू..**10**

यो फैसलासहितका मिसिल संलग्न कागजातहरुको नक्कल पाउँ भनी सरोकारवालाले निवेदन दिए कानूनको रीत पुऱ्याई लाग्ने दस्तुर लिई नक्कल दिनू...**11**

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी यो फैसला विद्युतीय प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू..**12**

सदस्य **सदस्य**

फैसला तयार गर्न सहयोग पुऱ्याउने:-

इजलास अधिकृतः यमलाल पन्थी

कम्प्युटर अपरेटर- गीता घिमिरे गिरी

इति सम्वत् २०8० साल मंसिर महिना १4 गते रोज 5 शुभम्......................................।